Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शाहकालीन

ऐतिहासिक चिठ्ठीपत्र संग्रह

(भाग १)

पं. बुद्धिसागर पराजुलीका
अध्यक्षतामा

पं. शङ्करमान राजवंशी द्वारा
सम्पादित

श्री५ को सरकार
(शिक्षा मन्त्रालय पुरातत्त्वविभाग)
वीरपुस्तकालयबाट

श्री ५ महाराजाधिराजको ४७ सौं शुभ जन्मोत्सवको
उपलक्षमा प्रकाशित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुरातत्त्व प्रकाशनमाला ३५

शाहकालीन

ऐतिहासिक चिट्ठीपत्र संग्रह

(भाग १)

पं. बुध्दिसागर पराजुलीका
अध्यक्षतामा

पं. शङ्करमान राजवंशी द्वारा
सम्पादित

श्री५ को सरकार
(शिक्षा मन्त्रालय पुरातत्त्वविभाग)
वीरपुस्तकालयबाट

श्री ५ महाराजाधिराजको ४७ सौं शुभ जन्मोत्सवको
उपलक्षमा प्रकाशित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मुद्रकः—

पर्शमणि बज्राचार्य

पपुलर आर्ट प्रिन्टिङ्ग प्रेस,

(भोसिको) सबलबहाल, काठमाडौं, नेपाल।

वि. सं. २०२३ ज्येष्ठ २९ गते (जून ११ तारीख)

श्री ५ महेन्द्र जन्मोत्सव

मूल्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय प्रेरणाका स्रोतः स्वरूप
श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम साह देव

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वक्तव्य

आज भोलि नेपाली मात्रलाइ शुद्ध इतिहास पढौं भन्ने रहर लागेको छ। इतिहासकारलाई पनि शुद्ध इतिहास लेख्न कर लागेको छ। गत केही वर्षहरूमा अनुसन्धानको क्रियाले गंभीररूप प्राप्त गरेको हुँदा निकै ऐतिहासिक मान्यताहरुका संबन्धमा आज ,दोहऱ्याएर विचार गर्नु परेको छ।यस्तो अवस्था पर्न गएको मूलकारण नयाँ खोज र नौलो प्रमाणको प्राप्तिनै हो। इतिहासको रचना केवल तथ्यको आधारमा मात्र हुँदैन, यसमा इतिहासकारको तर्क पनि केही अंशमा संमिलित हुन्छ। कतिपय घटना अथवा व्यक्तित्वको संबन्धमा इतिहासकारहरूमा देखा पर्ने मतभेदलाई यसको चित्त बुझ्दो प्रमाण भन्न सकिन्छ यसरी इतिहासको रचना तथ्य र तर्क दुवैको मद्दतले हुने भए पनि तर्कलाई सर्वोपरि मानी त्यसैको छायामा समाज लाई डोऱ्याउनु इतिहासकारको काम पनि होइन, कर्त्तव्य पनि होइन। यस कुरालाई तब मात्र रोक्न सकिन्छ जब सबैबाट बढीसेबढी मात्रामा ऐतिहासिक सामग्रीको अन्वेषण गर्ने प्रमाणको मात्र भरपर्ने र पूर्वाग्रह नराखी विषयवस्तुका सही विश्लेषण गर्ने बानी बसाल्ने प्रयोग गरिन्छ।

यस पृष्ठभूमिमा प्रस्तुत पुस्तकको उपयोगिता स्वत स्पष्ट हुने छ। यसमा परेका ऐतिहासिक पत्रका आधारमा तत्कालीन इतिहासको अझ बढो सतर्कताका साथ अध्ययन गर्नु सर्वथा संभव हुन जाने छ। नेपाली इतिहासको जुनकालको प्रतिनिधित्व यस पुस्तकले गर्दछ त्यो विशेष रूपमा महत्वपूर्ण छ। साथसाथै यो काल विवादग्रस्त हुन्छ त्यस अवस्थामा निकै अनुसन्धान कर्त्तालाई र अध्ययनशील पाठकहरूलाई समेत यसले थप सामग्री र सहायता प्रदान गर्नेछ भन्ने मेरो दृढ विश्वास छ।

लक्ष्य अनुसार **श्री ५ महाराजाधिराज सरकारको** सैंतालिसौं शुभ जन्मोत्सवको महान अवसरमा यो पुस्तक प्रकाशित गर्ने अधिक परिश्रमगर्ने सबै लगनशील सहयोगीहरू प्रति धन्यवाद ज्ञापन गर्दछु।

ज्येष्ठ २६, २०२३

रमेशजंग थापा
निर्देशक
श्री. सं पुरातत्व विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुस्तकालयीय वक्तव्य

विश्वका इतिहासमा नेपालको स्थान ज्यादै उच्च छ। किन भने नेपालको इतिहास विश्वका समस्त राष्ट्रकोभन्दा प्राचीन एवं गौरवमय छ। यस पुस्तकालयको अवलोकन गर्न आउने जुनसुकै देशका विद्वानहरु संग पनि कुराकानी हुँदा यतिविधि पुराना पुस्तक कुनै राष्ट्रमा पनि भएको बुझिएको छैन। जस्तै हाल नेपालमा आएका चिनियां लेखकहरूसंग होटल शङ्करमा मिति ०२३-१-३० का दिन कानून सचिव धितालज्यूका माध्यम द्वारा भएका वार्तामा चीनमा ६०० वर्ष भन्दा प्राचीन हस्तलिखित पुस्तक नभएको बुझिएको छ। त्यस्तै मिति १४-८-६२ मा यो पुस्तकालय हेर्न आउने रसियन विद्वान संग हाम्रा राजदरवारका अगुवा भै आउने सज्जनका माध्यम द्वारा भएका वार्तालापका प्रसङ्गमा निज रसियन विद्वान संग तपाईका रस्सामा प्राचीन पुस्तक कति वर्ष संमका पुराना छन् भनि प्रश्न गर्दा निजले ७००। वर्ष संमका पुराना छन भन्नु भएको र ती ७००। वर्ष पुराना पुस्तक तपाइका रस्सामैं लेखिएका हुन् वा बाहिर बाट प्राप्त भएका हुन भनि प्रश्न गर्दा मंगोलियाबाट प्राप्त भएका हुन रस्सामा लेखिएका यतिविधि पुराना पुस्तक छैनन् भन्ने कुरा गरेबाट रस्सामा ७००। वर्ष भन्दा प्राचीनपुस्तक भएको बुझिंदैन। यस्तै अवस्था यूरोपका राष्ट्रहरूको समेत बुझिन्छ। विश्वमा सर्वप्रथम कागतको आविष्कार गर्ने भनी केहि ऐतिहासिक विद्वान् द्वारा समर्थन गरिएका देशका पुस्तकालयमा ६००। वर्ष भन्दा पुराना पुस्तक भएको बुझिएन। तर यस पुस्तकालयमा करीब १०००बर्ष प्राचीन कागतमा लेखिएका पुस्तकहरू र करीव २००० वर्ष प्राचीन ताडपत्रमा लेखिएका पुस्तकहरू छन्। संभव छ मसीले कागत अथवा ताडपत्रमा लेखेका यति पुराना पुस्तक विश्वका अरू भागमा कतै देख्न पाइने छैनन्। यसमा नेपालीको गौरबमय इतिहास ज्यादै लुकेर रहेको छ। पुस्तकालयका कतिपय विद्वान्हरूले यसतथ्यलाई राम्ररि बुझेका छन् यस पुस्तकालयका कार्यमा वाधा परिरहे तापनि लड्दै पड्दै मर्माहत हुँदै घिस्रदै पस्रदै यस पुस्तकालयका सीमित पण्डितहरूले गरेको सेवालाइ धेरै जसो विद्वानहरूले बुझेका छन्। विश्वमा भएका रामयणका पुस्तक मध्ये सबभन्दा प्राचीन हस्तलिखित प्रति यही छ र विश्वमा रहेका महाभारतका पस्तक मध्ये सब भन्दा प्राचीन महाभारतको पुस्तक पनि यहीं छ। अतिप्राचीन चित्र पनि यहाँ भन्दा अन्यत्र छैन होला। यो यौटा नेपाल हिन्दू राष्ट्रको गौरवपूर्ण बिषय हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खोजनी गर्नु भयो भने पुराण दर्शन वेद तन्त्रहरूमा पनि विश्वमा सब भन्दा प्राचीनतम पुस्तकहरू यसै पुस्तकालयमा मात्र देख्न पाउनु हुनेछ । यो नेपालको लुकेको अतीतको गौरवमय इतिहास हो । नेपालको इतिहासको उपानै गौरवमय छ, झलमल्ल छ। प्रचण्डप्रताप शाली नेपालको ऐतिहासिक प्रकाशमा केहि समय कालावादल लागे तापनि श्री ५ पृथ्वीनारायण साहका प्रयासबाट राष्ट्रिय एकताको स्थापना पछि साहवंशका नेतृत्वमा नेपालको इतिहास विश्वमा फेरि पूर्ववत् प्रकाशित भए-कोछ। माही वंशको र नेपालीको कला सैनिक निपुणता एवं मिलनसारिता आदि गुणहरूको अन्तर्राष्ट्रिय जगतमा प्रसिद्धि नेपाल-अंग्रेजयुद्ध, नेपाल-चीनयुद्ध समेतका विभिन्न माध्यमबाट भएको कुरा सर्व विदित छ ; नेपालका वर्तमान साही वशको नयाँ नेपाल निर्माणमा जो देन छ यो वर्णनातीत छ। नेपालको अन्तरराष्ट्रिय ख्यातिमा यस वंशको महत्वपूर्ण योगदान छ। गुणग्राही पाश्चात्य जातिका हातमा पर्न गएका नेपालका प्राचीन पुस्तक मूर्ति, चित्र भाडा वर्तन इत्यादि वस्तु पनि नेपालको अतीतका गौरव दर्शाउन ठूलो साधन बनेका छन । तर यस गौरवपूर्ण तथ्यको अनुसन्धान गर्ने काम नेपाली पनाबाट भएमा तथ्य कुरा राम्रार प्रकाशमा आउने छ। ०१७ साल देखि यता आजसम्म प्राप्त बजेट अनुसार करीव १५ सय पोका बहु मूल्यप्राचीन हस्तलिखित पुस्तकहरू संग्रह गरि दिएको छु। जा यस पुस्तकालयका ३०० प्राचीन बाँध भन्दा अतिरिक्त छन् ! वजेट र समयको अनुपातमा यो संग्रह अत्यन्त महान् मान्नु पर्छ, विजुली, फर्निचर फ्लोरिङ्ग फर्निसिङ्ग फायरस्टिंग ग्वोकर, हिटर पंखा माइक्रोफिल्ममेशीन, रिडरमेशिन समेत पुस्तकालयलाइ उपलब्ध भएकाछन. र टेलीफोनको निमित्त पनि प्रयास भैरहेको छ, पुरातत्व विभागले पनि तत्परता साथ सहानुभूति राख्दै आएको छ। केहि प्रकाशन कार्य चलेको छ वर्तमान नेपालको गौरव साहवंशबाट भएकाल साहवंशको इतिहासका उपयोगी चिट्ठिपत्रहरुको प्रकाशनको सिलसिलामा यो प्रथम प्रयास हो। हुन त यस्ता-पत्रहरूको प्रकाशन पहिले पनि भएको छ। तर यस ढगको, यो पहिलो प्रकाशन हो। ई पत्रहरू वडो परिश्रमले प्राप्त हुन सकेकाहुन । मल्लकालीन ऐतिहासिक पत्रहरुको पनि संग्रह यथावत भैनैरहेको छ,

साहकालीन नेपालको इतिहासका निमित्त यस्ता साधन परराष्ट्र मन्त्रालयमा यस पुस्तकालयमा भन्दा ... मा वृद्धि छन। केहि भारतमा छन्, केहि लन्डनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुरक्षित छन्। सिक्कीम भुटान तिब्बत चीन र गढवाल कुमाउमा पनि भएको बुझिएको छ। जे होस् साहकालीन इतिहासको साधन पर्याप्त छ त्यसको संकलन वर्गीकरण र प्रकाशन गर्नु पर्छ। तर मल्लकालका इतिहासको साधनका निमित्त केही तपस्या गर्नु छ। त्यसै गरी लिच्छविकालका अभिलेखहरूमा आएका पारिभाषिक शब्दहरू झन दुरुह भै सकेका छन् किरात भाषा भोटेलिपिको समस्या भिन्नै छ, पूर्व-पश्चिम पहाड तराईमा रहेका ऐतिहासिक वस्तुको पनि संकलन गर्नु छ, यस्ता अनेकौं समस्याहरुको समाधान गर्नु छ. लेखा जोखा गर्नु छ सामूहिक समुत्थान चाहिएको छ, व्यक्तिगत प्रयास अपर्याप्त भैरहेको छ। जान्ने सुन्नेहरू बुझ पचाइ रहे काछन्। उनीहरुको पर्दा पनि खोल्नु छ, सच्चा इतिहास लेख्नु छ। प्रस्तुत पुस्तक प्रकाशन गर्दा जुन जुन मुकामबाट पत्र व्यवहार भएका थियो त्यस त्यस मुकामको भौगोलिक केहि परिचय र त्यस क्षेत्रको नेपालको मानचित्र समेत प्रकाशगर्ने मंसाय थियो तर साधन र समयको अभावमा सो अभिलाषा यस संस्करणमा पूर्ण हुन पायेन तापनि भविष्यमा नेपाली सपुतहरुले सो कुराको समेत प्रकाश गर्ने छन् भंने विश्वास गरिएको छ। यस्ता पत्रहरुको एवं पुस्तकालयका अरू उपर्युक्त वस्तुहरूको प्रकाशनार्थ गरिएको प्रयासलाई पुस्तकालयका कर्मचारीहरुले पुस्तकालयको काम गर्न नभ्यायेर सफल पार्नपाइएको छैन तापनि भैरहेका पण्डित तथा अरु कर्मचारीहरु बाट जो काम उत्साह साथ भैरहेछ त्यसको प्रशंसा गर्न सबैलाइ करै लाग्छ। ०१७ साल उताको पुस्तकालयको स्वरूप देखे जानेका देशी विदेशी विद्वान्हरू ०१७ साल यताको पुस्तकालयको स्वरूप देखेर आश्चर्य मग्न हुन्छन। किन भने ५।६ वर्ष यता पुस्तकालयमा विकासकासाथ ठूलो परिवर्तन आएको छ। राष्ट्रिय प्रेरणाका स्रोतः स्वरूप युग नायक श्री ५ महेन्द्रको अप्रत्यक्ष प्रेरणावाट त यति विधि विकास यस पुस्तकालयमा हुन गएकोछ भने यसमा प्रत्यक्ष रूपमा यहाँका विद्वानहरुलाइ समुचित प्रोत्साहना यदि मिल्दो हो त झन यस पुस्तकालयमा कति विकास हुदोहो, भइरहेको प्रगति बाट खुसी लाग्नु स्वाभाविक हो तापनि

आलस्यं स्त्रीसेवा सरोगता जन्मभूमिवात्सल्यम्।
सन्तोषो भीरुत्वं षड्व्याघाता महत्त्वस्य ॥

भन्ने संस्कृतको सुभाषित अनुसार संतोषी भएर बस्न मलाइ इच्छा लाग्दैन, तसर्थ एक न एक काम गरिरहन मनलाग्छ। अझ मलाई

पुण्यश्लोको मैथिलेन्द्रः पुण्यश्लोका विदेहजा।
पुण्यश्लोको मार्तण्डः पुण्यश्लोकः प्रतापराट्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पृथ्वीनारायणो राजा पुण्यश्लोकोत्तमोत्तमः।
यद्‌यत्नादद्य लोकेस्मिन् राष्ट्रं जयति हैन्दवम्॥
श्रीमान् महेन्द्रो नृपतिः पुण्यश्लोकोऽधुना स्मृतः।
यत्सद्धायत्त सिद्धान्तोऽनुकार्यो विश्वशासकैः।
पुरी कान्तश्च मिथिला पुरी च लुम्बिनी पुरी
पुरीत्रयं महापुण्यं हिन्दुगौरववर्द्धनम्॥
कर्णाली चैव भेरी च गण्डकी वागवती तथा
कौशिको च महापुण्या: पञ्चनद्य:पुनन्तु नः।

यसरी राष्ट्रियताको संमान गर्नु पनि यौटा महान् कर्तव्य हो भन्ने तर्क प्रस्तुत गर्ने मन लाग्छ। साथै कुरु पञ्चाल देशबाट आएका ठूला ठूला अध्यात्मवादी दार्शनिकहरूले लोहा मान्नु परेका जनक एवं याज्ञवल्क्य तथा बौद्धका देशमा साधारण आचार्यहरूले गरेका कार्यको जति प्रशंसा गरे पनि महत्व बढ्ने छैन तापनि नेपलीहरूल संमान गर्न जानेका छन्। आत्माभिमान नेपालीले सहकोछैन त्यो कुरा प्रस्तुत चिठठीपत्र एवं नेपाल अंग्रेज युद्धका अनुभवी अंग्रेजहरूको चिठ्ठीपत्र डायरीहरू बाट विदित गर्न सकिन्छ। जुन कुरा विस्तारै बिद्वानहरूका समक्ष गैरनेपाली लेखकहरू द्वारा समेत प्रस्तुत हुनजादैछ। जुन कुरा विस्तारै पाठकवर्गले आफै देख्नुहुनेछ। नेपालीलाई आफ्नोराग अलापी रहनु पर्दैन। प्रस्तुत पुस्तकमा ४६ थान पत्र छन्। नं २३ का पत्र थान २ छन्। तसर्थ पत्र संख्या ४८ मा पुस्तक समाप्त भए पनि पत्रहरूको वास्तविक संख्या ४८ पुगेको छ। यो हा नेपाल अंग्रेज युद्ध संबन्धी पत्रहरूको संग्रह। यस्तै त्यस युद्धका संबन्धमा नेपाली हरूले लेखेका सुनेका बुझेका खैखबर बारे पनि केही पत्रहरू प्राप्त छन्। ती सबै क्रमशः प्रकाशमा आउने भएका छन्। यस पुस्तकका आधारमा अवगत ऐतिहासिक तथ्यको एक एक विश्लेषण गर्दा लेख ज्यादै ठूलो हुन जाने र साधन संमुखमा राखि दिए पछि ऐतिहासिक विद्वानहरूले आफैं विश्लेषण गर्न सक्ने हुनाले त्यस प्रपञ्च तिर लागिएन इ पत्रहरू हात पर्ना साथ प्रकाशन गर्ने अभिलाषा भै रहन पनि उपर्युक्त कारणहरूबाट ढिलाभयो। पं शङ्करमान राजवंशी द्वारा पत्रहरूको शीर्षक र लेखक ज्ञानरत्न समेतबाट प्रेस कापि बनाइएको हो। ई पत्रहरुको परिचय लेखाउंदा पं तारा प्रसादजी द्वारा मदत लिइएको छ। तसर्थ यस कामका सहायक सबैलाई धन्यवाद छ। एवं यसका साथ मुद्रित श्री ५ महाजाधिराजको फोटो दिनु भएको मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेषतया निर्देशक, पुरातत्व विभाग धन्यवादार्ह हुनुहुन्छ । प्रेसमा अधिक दौड धूपगरी संशोधन गरिदिनु भएकोमा प्रिय पं. बाबुकृष्ण ढकाललाई पुनः धन्यवाद दिन्छु । प्रेसको स्वाभाविक दोष र संशोधन संपादन कार्यमा त्रुटि रहेबाट कहि मात्रा छुटेका छन् कहि शब्दहरू संयुक्त हुनुपर्नेमा वियुक्त छन् तापनि यो नेपाली भाषा भाषी सबैको मातृभाषा हुनाले शुद्धगरी पढ्नामा कुनै बाधा होबैन भन्ने आशा एवं विश्वास राखेको छु । यस पुस्तकालयमा गरिने कार्य मध्ये यो यौटा इतिहास संबन्धी कार्यको सानो गन्थनहो । यस्ता गन्थन यस पुस्तकालयमा धेरै विषयमा गर्नु छ । पाठकवर्गहरूको अभिरुचि र अधिकारीवर्गको कृपा भएमा विभिन्न दर्शनमा तन्त्र पुराण वेद व्याकरण रसायन आदि अनगिन्ती कुरामा गन्थन गर्दै जाउला । हाल प्रस्तुत पुस्तक श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव सरकारको सतचालिसौं शुभ जन्मोत्सवको उपलक्षमा शुभ कामनाको रूपमा प्रकाशित गरी समर्पण गर्न पायेकोमा, मनमा आनन्द लागेकाले यो वाक्य

"त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये"

पढी यस एतिहासिक पत्रसंग्रहले शाही इतिहासका लेखक हरुलाई १ पाना लेख्ने काममासम्म भएपनि सहायता गर्न सकेमा यो परिश्रम सफल हुनेछ भन्ने विश्वास गर्दै लेखनीलाइ विश्राम लिने सल्लाह दिंदै आफुपनि विश्राम गर्छु ।

बुद्धिसागर पराजुली
अध्यक्ष वीर पुस्तकालय
काठमाडौं, नेपाल ।

२०२३ ज्येष्ठ ३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सम्पादकीय वक्तव्य

इतिहास भनेको बितेका कुरा हुन्। बितेका कुराको यथावत् सङ्कलन गरेर नै विभिन्न विषयका इतिहास बन्दछन। यसो गरेकोले त्यो सप्र्यो, यसो गरेकोले त्यो बिग्र्यो अब यसो गरे फाइदा हुँदो रहेछ, यसो गरे बेफाइदा हुँदो रहेछ भन्ने कुराको विचार गर्ने बाटो इतिहासले देखाउँछ। बितेका कुराकै यथावत सङ्कलन स्वरूप यो पुस्तक हो। यसमा वीरपुस्तकालयमा संग्रह भएका मध्ये वि.सं. १८७०-७२ सालका नेपाल-अंग्रेज युद्धसंम्बन्धी ४६ वटा चिट्ठीपत्रहरू परेका छन्, तिनताका नेपालराज्य कहाँसम्म फैलिएको थियो, कति गुमाउनु पर्‍यो, के गरेर गुम्य। बाकी राज्य के गरेर थामियो भन्ने कुरा तिनताकाका भारदारहरूले त्यस विषयमा लेखापढी गरेका यस्तै किसिमका चिट्ठीपत्रहरूको अध्ययनबाट खुल्दछ। इतिहास भनेको मन बहलाउनलाई उपन्यास जस्तो बनाई पढ्ने पढाउने चिज होइन। त्यो त कार्यकारणबाट विचार गर्नु पर्ने गम्भीर विषय हो। त्यसलाई जग बलियो पार्ने यस्तै किसिमका ऐतिहासिक सामग्री नै हुन।

श्री ५ युवराजाधिराजसरकारको यस विषयमा भएको उत्कट अभिलाषालाई बुझेर अध्यक्ष पं, श्रीबुद्धसागर पराजुलीज्यूका प्रेरणाले परिश्रमपूर्वक यथाशीघ्र ती चिट्ठीपत्रहरूको सम्पादन गरी प्रकाशनार्थ अध्यक्षज्यूमा प्रस्तुत गरेको हुँ। चिट्ठीपत्रहरूको परिचय अलि बढता खुलाएर लेखे हुने थियो भन्ने श्रीनिर्देशकज्यूको भनाइ थियो। तर मलाई धेरै अवकाश नभएकाले त्यसो गर्न सकिएन र संक्षिप्त परिचय सम्म दिन सकियो। केही चिठ्ठीपत्रहरूमा त संवत् छैनन् केवल तिथिमितिको मात्रै उल्लेख छ। त्यस्ता पत्रलाई घटना र तिथिमितिकै गणनाले संवत् पत्ता लाउन सकिन्थ्यो। त्यसो गर्न समय लाग्ने हुनाले संवत् नभएका चिठ्ठीपत्र जति परिशिष्टमा पारियो। कतिपय चिठ्ठीपत्र त प्रेसकापी तयार पार्न उतार्न नभ्याएर अरु कर्मचारीले हारगुहार गरिदिनु पर्‍यो। कारण मलाई नेपालको पञ्चाङ्ग तयार गर्ने काजमा सरकारले पञ्चाग विवेचकसमितिमा काज खटाएको थियो। यस पाली पनि यसपालीको पञ्चाग विवेचकसमितिका अध्यक्ष श्री बडागुरुज्यूबाट काजमा [illegible] काममा लगाइएकोले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[redacted] यो पुस्तक प्रकाशमा ल्याउनालाई प्रेसमा गइ प्रुफ हेर्न पनि मैले सकिन र सो काम सहायक पं० बाबुकृष्ण ढकालज्यूबाट भयो। यो पुस्तक **श्री ५ महाराजाधिराज सरकार** को ४७ सौं शुभ–जन्मोत्सवमा शुभ-कामनाको रुपमा प्रस्तुत हून पाएकोले मेरो परिश्रम सफल हुन गएबाट मेरा मनमा सन्तोषको लहर उर्लिरहेछ।

यस पुस्तकका प्रकाशनका निमित्त सहयोग गर्नु हुने पुस्तकालयका सहायक पण्डित ताराप्रसाद् लेखक ज्ञानरत्नलाई र विशेषगरी सहायक पं. बाबुकृष्ण ढकाल ज्यूलाइ मेरो हार्दिक धन्यवाद छ।

सम्पादक

वि सं. २०२३ ज्येष्ट २९ — **पं. शङ्करमान राजवंशी**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पत्रसूची

नेपाल र अंग्रेजको युध्द संबन्धी

पत्र			पृष्ठ
१	वि.सं. १८७०	वैशाखवदि ८ को अमरसिंह थापाको अर्जिपत्र	१
२	"	वैशाखवदि १२ को अमरसिंह थापाको अर्जिपत्र	४
३	"	वैशाखशुदि ५ को अमरसिंह थापाको पत्र	६
४	"	मार्गशुदि १ को रामदास थापाको पत्र	९
५	"	पौषवदि १४ को चन्द्रवीर कुवरको पत्र	१७
६	"	पौषशुदि २ को चामु वस्न्यात आदिको पत्र	२३
७	"	फाल्गुनवदि ३ को बमशाहका अर्जिपत्र	३३
८	"	चैत्रवदि ७ को रङ्गनाथ शर्माको पत्र	४०
९	"	चैत्रवदि ८ को रङ्गनाथ शर्माको पत्र	४५
१०	वि.सं. १८७१	ज्येष्ठशुदि ११ को विक्रम शाहीको पत्र	४९
११	"	आषाढशुदि ३ को बमशाहको पत्र	५३
१२	"	श्रावणशुदि ५ को महाराजको पत्र	५६
१३	"	आश्विनवदि ७ को गजवल वानियाँको पत्र	५८
१४	"	आश्विनशुदि ८ को बमशाहको अर्जिपत्र	६३
१५	"	कार्तिकवदि ८ को कृष्णानन्द र धनवीरको पत्र	६८
१६	"	कार्तिकशुदि १ को बमशाहको अर्जिपत्र	७०
१७	"	मार्गवदि ५ को धनवीर थापाको अर्जिपत्र	७२
१८	"	मार्गवदि १२ का रणदीपसिं वस्न्यातहरूको पत्र	७५
१९	"	पौषवदि १२ को रिपुमर्दन थापाको पत्र	८०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पत्र			पृष्ठ
२०	"	पौषवदि १४ को रिपुमर्दन थापाको पत्र	९१
२१	"	फाल्गुनवदि १३ को उजीरसिंह थापाहरूको अर्जिपत्र	९७
२२	वि.सं. १८७२	वैशाखवदि २ को जनरल भीमसेन थापाको पत्र	१०१
२३ (क)	"	वैशाखवदि ८ को धर्मराज खत्रीको पत्र	१०३
२३ (ख)	"	वैशाखशुदि १ को उजीरसिंह थापाको पत्र	१०७
२४	"	वैशाखशुदि १० को जितमानसिंह हरूको पत्र	१११
२५	"	वैशाखशुदि १५ को उजीरसिंह थापाको अर्जिपत्र	११३
२६	"	वैशाखशुदि १५ को उजीरसिंहहरूको पत्र	११६
२७	"	ज्येष्ठवदि ३ को रुद्रवीर शाहको पत्र	१२०
२८	"	ज्येष्ठवदि १३ को उजीरसिंहको पत्र	१२३
२९	"	ज्येष्ठ शुदि २ को जीतमानसिंह वस्नेतको पत्र	१२६
३०	"	ज्येष्ठशुदि ३ का टीकावल्लभको पत्र	१३०
३१	"	आषाढवदि ५ को गजबल वानियाँको पत्र	१३३
३२	"	श्रावणशुदि १२ को वमशाहहरूको पत्र	१३६
३३	"	श्रावणशुदि १२ को भक्तवीर थापाको पत्र	१४०
३४	"	भाद्रवदि ३० को उजीरसिंह थापाको पत्र	१४२
३५	"	मार्गशुदि २ को उजीरसिंह थापाको पत्र	१४९
३६	"	मार्गशुदिम १४ को उजीरसिंह थापाको पत्र	१५२
३७	"	माघशुदि ८ को उजीरसिंह थापाको पत्र	१५७
३८	"	फाल्गुनवदि ७ को उजीरसिंह थापाको पत्र	१६२
३९	"	फाल्गुनवदि ११ को उजीरसिंह थापाको पत्र	१६७
४०	"	फाल्गुनवदि १० को प्राणशाहहरूको अर्जिपत्र	१७२
४१	"	फाल्गुनशुदि ९ को उजीरसिंह थापाको पत्र	१७६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परिशिष्टको

४२ ··· ··· भाद्रशुदि ५ को हस्तदल शाहीको पत्र १७९
४३ ··· ··· आश्विनवदि ३ को सरोवरसिंह राणाको पत्र, १८२
४४ ··· ··· कार्तिकशुदि ६ को वलभद्र कुंवरहरूको पत्र १८४
४५ ··· ··· पौषवदि १० को उजीरसिंह थापाको पत्र १८८
४६ फाल्गुनशुदि १४ को रिपुमर्दन थापाको पत्र १९१
४७ ··· ··· चैत्रवदि १२ को उजीरसिंह थापाको पत्र १९४
४८ ··· ··· ··· जगत्सेर खत्रीको पत्र १९७

नेपाल र अंग्रेजको युद्ध संम्वन्धी पत्रमा उल्लिखित भारदारहरूको मुकाम (वसेको ठाऊँ).

भारदार	मुकाम	पत्रसंख्या
अमरसिंह थापा	पालपा	१. २. ३,
रामदास थापा	वागल	४
चन्द्रवीर कुंवर	नाहान	५
चामु वस्न्यात, वहादुर गुरूङ, हेमन्त खत्री गौरीदन्त शाही जयतखम्व थापा, रणसि अधिकारी	,,	६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भारदार	मुकाम	पत्रसंख्या
वमशाह	अलमोडा	७,११,१४,१६
रङ्गनाथ शर्मा	कचरवा	८,६
विक्रम शाही	राजपुर	१०
मणिराज	वुटवल	१२
गजवल वानियाँ	उपरदाङगडी	१३,३१
कृष्णानन्द खड्डुडी, धनवीर थापा,	श्रीनगर	१५
धनवीर थापा	,,	१७
रणदीप वस्न्याल, रेवन्त कुवर, वलभद्रकुवर,	चमुवा	१८
रिपुमर्दन थापा	श्रीनगर	१६. २०
उजीरसिंह थापा, वीरभञ्जन पाँडे दलकेशर पाँडे	पालपा	२१
भीमसेन थापा	काठमाडौं	२२
उजीरसिंह थापा, बीरभञ्जन पाँडे	पालपा श्रीनगर	२३ ख
धर्मराज खत्री	प्यूठाना सिकुवा डाडा	२३ क
जितमानसिंह वस्न्यात, वद्रीवाण शाही, जगदेव भडारी	सल्यान	२४,२६
उजीरसिंह थापा	पालपा श्रीनगर	२५,२८,३४ ३५,४५,४७
उजीरसिंथापा, प्रसादसिंह वस्नेत दलकेशर पाँडे	पालपा	२६
रुद्रवीर शाह	बैतडी	२७
टीकावल्लभ पाँडे, अकवर पाँडे जसिवन्त अधिकारी, धनराज अधिकारी वीरभद्र राउत	स्युगडी	३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भारादार	मुकाम	पत्रसंख्या
बमशाह, बखतबार सिंह, रणदोप बस्न्यात, अजमर पंथ, चामु भण्डारी, अंगदसिंह, रिपुमर्दन थापा	बैतडी	३२
भक्तबीर थापा	धनकुटा	३३
रणध्वज थापा	डोटी	३४
उजीरसिंह थापा	नुवाकोट गडो मणिको दोभान	३६,३७,३८,४१,
"	प्यूठान चलिचलाउ दोभान	३९
प्राणशाह, वखतवारसिंह थापा, रणवीरसिंह थापा, दलभञ्जन पाँडे	मकवानपुर गडी	४०
हस्तदल शाही	डोटी	४२
सरोवरसिंह गना	चैनपुर	४३
वलभद्र कुंवर, रिपुमर्दन थापा, चन्द्रवीर थापा, नाथुमाझो, चामु वस्न्यात, गजसिंह थापा, दलजित कुंवर, दयाराम खडका	नालापानी	४४
रिपुमर्दन थापा	बैतडी	४६
जगत्सेर खत्री	ठिडफु	४८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसमा परेका केही चिट्ठीपत्र संशोधनमण्डलतर्फबाट पूर्णिमा पत्रिकामा प्रकाशित भएका छन्। तिनको परिचय—

पत्रसंख्या	परिचयपत्र	पूर्णिमाको अङ्क--पृष्ट
४	वि. सं. १८७० मार्गशुदि १ को रामदास थापाको पत्र	अं. ६ पृ ४८--५३
१४	वि.सं. १८७१ आश्विनशुदि ८ को बमशाहको अर्जिपत्र	अं, ५ पृ ५४–५६
१५	" कार्तिकवदि ८ को कृष्णानन्द, धनवीरको पत्र	अ. ४ पृ ६५–६७
१७	" मार्गवदि ५ को धनवीर थापाको अर्जिपत्र	अ. ४ पृ ७०–७१
१८	" मार्गवदि १२ को रणदीप बस्नेतहरूको पत्र	अं. ४ पृ ७२–७५
१९	" पौषवदि १२ को रिपुमर्दन थापाका पत्र	अं. ३ पृ ६६--७२
२०	" पौषवदि १४ को रिपुमर्दन थापाको पत्र	अं. ४ पृ ७५-७८
३८	वि. सं. १८७२ फाल्गुनवदि ७ को उजीरसिंह थापाको पत्र	अ. ६ पृ ६८—७५
४४	कार्तिकशुदि ६ को वलभद्रकुवरहरूको पत्र	अ. ४ पृ ६८—७८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १८७० वैशाख वदि ८ को अमरसिंह थापाको अर्जिपत्र

पत्रसंख्या	नाप	खामसंख्या
१	लम्वाई २० अंगुल (१५ ईञ्च)	२०३
	चौडाई १७ अंगुल (१२¾ ईञ्च)	

अमरसिंह थापाले पालपाबाट श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई लेखेको पत्र। यसमा सीमाना संबन्धी कुरा छ। पत्रको शिर काटिएको छ।

अर्जि ... ...

(१) उप्रान्त वैशाष वदि २।४ का दिन लेषियाका कृपापत्र २ ए
वदि ५।७ का दिन आइपुग्यो सिवानाका वात नचलि वसिर–
(२) हनुपर्दा अमिन अगुतायैको हुदो हो अब ... ... पुग्नु भया पछि
सिवानाका वात चल्नन् लाउन्याले कै येक तरह लगा
(३) ई राष्याछन् तपनि अंगरेज अमिन भै आयाको छ सेहा श्रेस्ता
वाहि अघि सारि कुरा गर्दा केहि छोडि बुझन्या डवल् आ–
(४) यो भन्या निहोरा उन्माथि राषि थोर बहुत छोडि रफा गर्नु
नमिल्दा मान्छका कुरा पछि लाग्यो भन्या आफुले मात्रै स–
(५) हि हवैन तिमि र ... ... ले ठहरायाको अमिनको आसय वुझि
विन्ति गरि पठाउनु सुरविरसेनलाई अघि पनि हाम्रै षै–
(६) रषादि कुरा वोलछन् भंना निमित्त राजाले हाम्रै पच्छ लायाका
हुन् अरुले दस् तरह वोल्याको र तिनले येक वात •

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(७) वोल्याको ढेरै फरक हुन्या छ तिन्लाई डाकि हाम्रो वन्न्या सप्रन्या कुरा वोल्याउन्या र लेषाइलिन्या काम गर भनि म –

(८) र्जि आयेछ अर्थ वुझि सिर चह्लान्या सेहा सिरिस्ता अघि सारि कुरा गर्दा केहि छोडि बुझन्या डवल् आयो भन्या निहोरा

(९) उन्माथि राषि थोरो वहुत छोडी रफा गर्नु भनि र्मजि आयाका अर्थलाई दोहरा चौधरि महतु जानकार राषि सेहा

(१०) सिरिस्तै सितको काम गर्‍यो भन्या थोरावातमा तक्रार वढाउनु निको छैन हुकुम वमोजिम सहिलहि मिल्या नमिल्याको

(११) हेरि सिवानाको रफा गर्न्या काम गरियेला घटिया मान्छका कुरा पछि लागि नचाहिन्या विसिरिस्ताका वात गरि भि –

(१२) चि तक्रार वढाउन्या काम गर्‍यो भन्या विन्ति गर्न्या कुरा हजुरमा र आटन्या कुरा ··· ··· का र मेरा सल्लाहै सितका का–

(१३) म गरौंला सुरविरसेन अघि पनि हाम्रै षैर षाहि कुरा षोल्थ्या आज पनि तिन्लाई डाकि हाम्रो वन्न्या सप्रन्या कुरा

(१४) वोलाउन्या र लेषाइ लिन्या काम गर भनि मर्जि आयाका अर्थलाई महादेव पाध्याले अबश्य चिन्हिसक्या १६ ह् –

(१५) जार पालपालि तयार हुन्या छन् भनि लेष्ता ईन्को क्या डवल छ भनि गोरषपुर पठायाका मानिसले ल्याया

(१६) का षवरको बिसेद र करविरसेनले मलाई लेष्याको चिठि अघि चह्लाइ पठायाको हो जर्नैलकाजिहेरूले विन्ति ग–

(१७) न्या हुन् ञाहा सुरविरसेनथैं पनि उन्लाई वक्स्याका रुपैयामा सय येक वाकि रह्याको थियो येकोहोरै मागि पठाउथ्या

(१८) रुपैया दिन्या निहु गरि जा क्या डवल रहेंछ बुझि आ भनि ५० रूपैया दि रहन्या ज्मादारलाई पठायाको हो अघि ञाहि‑ो भला

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१९) कुसारि सोध्याछन् पछि र कलकत्ताबाट सिवानाका कामलाई फिरंगी आयो भन्छन् कसो हो भनि सोध्याछन् न—

(२०) च्रवलमा आयो भन्दा षवर आईरहेछ हाम्रा तर्फका काजि सरदार वुटवल् गै वसि रह्याछन् भेट भया पछि थाहा हो –

(२१) ला वरू ञाहा कोहि आउन्या जान्याले केहि कुरा ल्यायाको भया सोध्यास् भनि जर्नैलको आज्ञा भयाको छ भनि ज्मा—

(२२) द्वारले भन्दा पालपालिसंग भेट हुन्या भया परलोगमा होला येहलोगमा त षल्को मात्रै हालियेन विदा वादी भै –

(२३) आयाको छु साधसिवाधका कुरामा पालपालि अघि सन्या भन्या ... मोष्यको हुकुम नभेया जर्नैलको आज्ञा

(२४) आवस् म गै जवापसाल गरुला आजकाल थोरो बेराम छ चिठि लेषन सक्तिन जर्नैलथै येसै विन्ति गऱ्यास् भंनु—

(२५) हुंथ्यो साथमा पनि भित्र्यानि येउटा भात पकाउन्या वाभन् ४।५ जना केटाकेटि मात्रै छन् अरु कोही रहे छनू भ–

(२६) न्न आयोथ्या अमिनसित भेट भै कस्ता कुरा हुनछन् चाहिया भन्या हजूरमा विन्ति गरि पठाई तिनूलाई झिकाइ प–

(२७) ठाउला भन्याको हो आज र मर्जि आउने वित्तिकै! अघि जान्या रत्न्या ज्मादारलाई पठाञाँ आजकाह्ल त आरा–

(२८) म छं भन्दा सुनिन्छ येस्को निधो भोलि विन्ति गरि पठाउला विज्ञसु किमधिक ईति सम्वत् १८७० साल मिति

(२९) वैसाषवदि ८ रोज ६ मोकाम पाल्पा श्रीनगर शुभम

इत सेवक अमरसिहथापाको कोटि कुर्नीस वन्दगि सलाम सलाम सलाम शुभम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १८७० वैशाखवदि १२ को अमरसिंह थापाको अर्जिपत्र

पत्रसंख्या	नाप	खामसंख्या
२	लम्बाई १७.३ अंगुल (१३ ईञ्च) चौडाई १३ अंगुल (६ ३/४ ईञ्च)	३६२

अमरसिंह थापाले पालपाबाट श्री ५ गीर्वाणयुद्धविक्रमशाहलाई लेखेको पत्र । यसमा अमिन्सित तक्रारी जग्गाको कुरा मिलाउने विषय छ । पत्रको शिर काटिएको छ

अर्जि ....

(१) उप्रान्त वैसाष वदि ४।७ का दिन लेषियाको कृपापत्र २ ये वदि ८।११ का दिन आइपुग्यो अमिन अलिक् लोभि डवलको छ माझिला ··· का चि–

(२) ठिमा पनि लेषनु भयाको थियो ··· ··· को र अमिनको भेट भया पछि मुनासिव केहि दिन्या कुरा गरि अमिनको चित्त भरिदिया पछि मिल्दै पाठ

(३) गर्ला आफ्ना तर्फवाट पनि वात पूरो पारि जिभ्रो वचाई तक्रारि जगामा केहि सहि लहि रफा हुन्या काम गर्नु हाम्रो वन्या सप्रत्या आपना

(४) चित्तले तज्विज गरि ··· ··· लाई लैषतै रहनु भनि मर्जि आयेछ अर्थ वुझि सिरचह्लाञा अघि तिनाउका तिरमा पाल षडा गरि अमिन सितभे–

(५) ट गरियो भोलिवेर उस्का डेरामा गञाँ आइतवार वुटवलिका पक्का हवेलीमा आयो अमिन पनि मुन्सि पनि वढियै आदमि रह्याछन् के–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(६) हि दि. लि. हात होला भन्या कै लागुछ तिम्रा सर्कारको अम्वल भया पछि नवाफका सर्कारमा पैसा तिन्याका जगाका कागजपत्र गोरषपुरका जज्

(७) कलटरले पठाइ राष्या छन् भन्छ भोलि सोमवारदेषि मट्ुका भडार षज-निको रोवकारि हुन्छ भनि······बाट हजूरमा षत् र जनैल काजी

(८) लाई चिठि लेषनु भयाको रहेछ मलाई लेष्याका चिठिका बिजनिस समेत चह्नाइ पठायाकोछ जाहर होला तिम्रा सर्कारको अ–

(९) म्वल भया पछि नवापका सर्कारमा पैसा तिन्याका कागजपत्र गोरषपुरका जज् कलटरले पठायाका छन भंछ भनि लेष्याको र–

(१०) हेछ हामिले येस्तो गरि दिन्थ्यौं भनि भगौडाहेरुबाट लेषपह्न गरि ल्याया-को होला त पनि भगौडा अधिसऱ्या भन्या पालपालिका पु—

(११) र्षा सुरविरसेन ञाहा छदैछन् म जोरिई जवापसाल गरुला भनि लेषि रा-ष्या छन् न इनैलाई जोरिदिनु पर्ला······ले पनि अमिन मु—

(१२) न्सि थोडा बहुत हात आयाका छन् भनि लेषनु भयाको छ त वडोई कुरा गर्ला भन्या जस्तो पनि लाग्दैन अव कुराका हानि चल्या

(१३) जस्ता कुराका हानि हुनन्······पनि चुक्नु हुन्या छैन आफुले बुझयाको म पनि लेषतै रहुला······ले हजाररुपैया तोसाषानावाट

(१४) वक्स्याका कुचको तयारि गर्दा र व ट षर्चमा सकियो हजार रुपैया सुव्वा रुद्रविर साहिका नाउमा तनुषाह भयाको हो । हाति विक्रिका रू—

(१५) पैयाको यघार सयका छिट् सर्कारमा चह्नाइ पठाञां अरू आमदनि छैन भनि तनुषाहको मोहर फिराई दियाछन् षर्चलाई कठि—

(१६) न भयो ४।५ सय रूपैया पठाइ दिनु होला भनि लेषनु भयाको रहेछ र गुरू ग्याका सलामि मध्ये हजार रुपैया ञाहा थियो ४ सय

(१७) रुपैया पठाइ दिञाँथ्यां बाकि ताहियाट सधाई दिया वढिया होला भनि लेषनु भयाको रहेछ काममा पावलाग्नु भयाको छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१८) हजार रुपैया पुऱ्याई देउ भनि मर्जिभया गुरुंग्याका सलामि मध्ये हजार रुपैया देउ भन्या म्रेरा नाउमा तनुषाहको मोहर वक्सि

(१९) पठाया ४ सय गैरह्या छन् वाकि ६ रह्याका ६ सय पनि पुऱ्याइ दिउला विषुज्ञ किमधिक इति सम्वत् १८७० साल मिति बैसाष व—

(२०) दि १२ रोज ३ मोकाम पालुपा श्रीनगर शुभम्

ईत सेवक अमरसिंह थापाको कोटि कुर्नीस बन्दगि सलाम सलाम सलाम शुभम्

वि. सं. १८७० वैशाखशुदि ५ को अमरसिंह थापाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
३	लम्बाई १५·४ अंगुल (११$\frac{१}{५}$ ईञ्च) चौडाई ११ अंगुल (८$\frac{१}{४}$ ईञ्च)	२५१

अमरसिंह थापाले भीमसेन थापा र रणध्वज थापालाई पालपावाट लेखेको पत्र यसमा साँध सिमानाको कुरा जानेकालाई जागिरमा भर्ना गर्ने विषयको कुरा छ। पत्रको शिर काटिएको छ।

(१) स्वस्ति श्रीसर्वोपमा योग्येत्यादिराजभारासामर्थ चिरंजीव श्रीभीमसेन थापा चिरं

(२) जीव श्रीरणध्वज थापाके ईत श्रीअमरसिह थापाकस्य शुभासिष् पूर्वक पत्रमिदं

(३) ञाहा कुशल ताहा कुशल चाहिये आगे ञाहाको समाचार भलोछ उप्रान्त तिनह-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(४) हजार रुपैया पठाई दिनुहोला भनि···ले लेषृता पठाइ दिञा भनिअस्ति लेष्याको

(५) हो उस्मा पर्मिट्हेरु तार्दा २ सय रुपैया घट्याका रह्याछन् अठ्ठाईस सय ञाहां

(६) वाट र २सय मनिराजका नाउमा तनुषाह गरि पठायाको हो,अट्ठाईस्सय बुझि

(७)लिनु भयेछ मनिराजले पनि रूपैया तयार छन्,जैह्ले लिनु होला तैह्ले दिउँला भने

(८) छ......लै लेष्याका चिठीको विजनिस्को पठायाको छ हेरि बुझौला, राम नेवाजका

(९) नोगोई अघि देषिको पुरानिञा हों वात व्यवस्ता सवै जान्दछन् पोंर सम्म फिरं-

(१०) गिकै अम्वलमा थियो. मलाई मर्जि भया आउछु भनि वारंवार लेषि पठाउँदा आ-

(११) भन्याको हों आफ्ना दाज्यू भाइं सवै फिरंगिकै अम्बलमा छन् आफु मात्रै आ-

(१२) याकों थियो ग्रहण नुहाउन र ञाहाँका कामका उसले माघैमा म उठि आ-

(१३) उदा उसै रहन गयाको हो हिजो आज ई कुरा पर्दा हाम्रा तर्फ भै-वढिया न्न

(१४) हसित बोलेछ··········· ले पनि मनिराजसित वसि जागिर गाउंकों दस्कत् लेषि प-

(१५) ठायाको रहेछ दोसिवानाको सवैवात विवस्ता जान्याको छ. तेस्रलाई जागिर

(१६) दि विरिन्या छैन पछि पर्ज्यन्तलाई पनि वढियै हुन्या छ मेरो दस्कत् गरि पठा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१७) ई दिञाँ दस्कत्कों नक्कल पठायाकों छ हजूरमा विंतिं गरि यसै माफिक.

(१८) जागिरको मोहर गराई पठाइ दिया बढिया होला विनायकपूरका तर्फ तिर र •

(१९) कागत् पत्र जानकार अघिदेषि तैयारै हुनाले सोधपुछ गर्न्या र लेषपह्र

(२०) गर्न्यां काम चाँडै भयो स्युराज तर्फ मात्रै ४३ साल देषि ५५ साल सम्म मामिल—

(२१) त्मा येति येति पैसा दियाको हो भनि वाँसिका तर्फको कानो-गोंइले लेषि दि—

(२२) याको रहेछ स्युराजका चौधरी जानकाह्र रूलाई सोद्धा मामिलत् होईन

(२३) भेटघाट हुंदा ससौंगाद दियाको हो भन्या यस कुरामा मिल्न्या डवल् गर्दै-

(२४) न भनि सर्दार जगदेव भंडारिले चिठी लेष्याको रहेछ र येस्को प्रत्युत्तरमा

(२५) त्यो हाम्रा सरकारमा थाहा छैन हामि पनि जान्दौंन ताहाँ षान्या सुब्वा फौज—

(२६) दारहेरूले पनि कसैले दिदा रह्याछन् षामोदका ह—

(२७) जूरमा थाँहा नभयाको सुवा फौजदारहरूले आपना तर्फबाट भेटघाट स-

(२८) र श्रेष्टाचार गर्‍याको कवोलिन्या छैन कुरा समाया येस्तै पाठको जवापसा—

(२९) ल गर्नु भनि जगदेव भंडारिलाई लेखिपठाञां त्रिजानिस पठायाको छ पुग्ला। ईति सम्वत् १८७० साल मिति वैसाष सुदि ५ रोज ४ मुकाम पालापा श्रीनगर शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १८७० मार्गशुदि १ को
रामदास थापाको पत्र

पत्रसंख्या	नाप	धामसख्या
४	लम्बाइ २२.३ अङ्गुल(१६ ३/४ इञ्च) चौडाइ २१.६ अङ्गुल (१६१/४ इञ्च)	३४८

रामदास थापाले जर्नेल अमरसिंह थापालाई बागलबाट लेखेको पत्र यसमा अग्रेज अकृरलोनी संग भेटघाट गरेको कुरा छ। पत्रको शिर काटिएको छ।

(१) स्वस्ति श्री सर्वोपमा योग्येत्यादिसकलगुणागरीष्ट राजभारासामर्थ सकल मंगलालयकोटिकल्याणचिरंजिवि श्रीजर्नेल भाई अमरसिंह थापाकेषु इत श्रीअमरसिंह थापाकस्य शुभाशीष श्रीरामदास था–

(२) पाको साष्टांगसेवा पूर्वकपत्रमिदं त्राहा कुशल ताहा कुशल चाहिंये आगे त्रा– हाको समाचार भलो छ उप्रान्त लुनिअपत्तरसंग भेट गर्न भनि हामि वागलवाट उठि सुगाठोर आईपुग्यासम्मको विस्तार अघि ले—

(३) षिपठायाको हो पुगि. मालुम भयो हो कार्तिकका २५ दिन जाँदा सोमवार सुगाठोरदेषि उठि वघाटमा गै वस्युँ मंगलवारका दीन टक्सारमा पुगि– न्युँ उसै दीन लुनिअपत्तर पनि पंजोरमा आई पुगेछ लुनिअषत्तर स–

(४) मेत् ६ जना साहेव लुध्यानाबाट पंजोरसम्म आयाका रह्याछन् लुनिअषत्तर संग गयाका हाम्रा वकिल जमादार रामचन्द्र षतृ निहाल् गिरिलाई हामि टक्सार पुग्दाका दोन उ २ जनालाई अगाडी हामि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(५) छेउ पठायो उन्हेरू आईन वघाटको अस्वल टक्सार देषि कच्चा १ कोसका बीचमा…१…को स्थान रहेछ उसै जगामा भेट गर्नु हामि एनाबाट आ-उछौं उताबाट काजीले आउन्या काम् गर्नु भनि पठा —

(६) याको छ भनि भन्या कुरा गऱ्या २७ दीन जादा बुधवार कौन् वेलामा आउछ कस्ता डवल संग आउछ त्यो पनि बुझ्नु चाँडै आयो भन्या उसकै साथमा आउनु भनि सर्दार निर्भयसिं थापा कृष्णा मुंसिलाई

(७) पठाऱ्‍युँ उन्हेरू वाहा पुग्निवित्तिकै तयार भयेछ अगाडी मुन्सि वर्गत्-अलीषाँलाई हाम्रा डेरामा पठायों लगतै आफु लुनिअषत्तर पनि ३ साहेव कंपनी असवाप डेरा दंडा सबै पंजोरमा थामी आफ्नु

(८) छोरा अषत्तरलुनि कप्तान भोरसाहेब २ र ६ हात्ति १० घोडा र आफ्ना टहलुवा चाकर चप्रासिमात्र लि…१…का स्थानमा आयो सिपाहि भन्या १ पनि ली आयेन…१…का स्थानदेषि ५ कोस् पँ —

(९) जोरमा उस्को डेरा थियो४ कोस वुढों उ आयो टक्सारदेषि कच्चा कोस-१ एताबाट हामि गऱ्‍युँ उसूले साथमा सिपाहि कत्ति ल्यायाको नदेष्दा हामिले पनि उपर भारादर कुंपनी लस्कर सवै डे—

(१०) रामा थामी. रामदास थापा. अर्जुन् थापा. लछविर साही काजि रेवन्त कुवर समेत् सय छविस् सिपाहि साथ ली …१…वा स्थानमा गै हाम्रो र-लुनिअषत्तरको भेट मुलाकात् भयो. पैह्लें भे–

(११) ट हुदामा भन्या लिन्या दिन्या कुरामा लुनिअषत्तरले पनि हामिलाइ केहि दियेन उस्लाई हामिले पनि केहि दिऱ्‍युँन. उसै मिल्न्या काम भयो कुरा कहानी हुदामा गोर्षा अंगरेजको अघि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१२) देषिको दोस्ति हो. अंगरेजको दोस्ति राषना निमित्त्य अघि पनि रामपुरको नवाप गुलाम महमदषाँ र उजेरलीले तन्यानिमा वसि. अंगरेजसँग हंगामा गर्छौं ओतन् देउ भन्न आउदा

(१३) अगरेजसँगको दोस्ति जानि उन्लाई वस्न दियेन थिञुँ फकिर वकस्लाई हानि धपाई दिञाथिञुँ आज मंडलाह भटौलिमा पनि सर्कारका मर्जिले तक्रार गऱ्यौन छोडिदिंञुँ तिमिले पनि दोस्ति

(१४) समभन्या हो भन्या कुरा हामीले गर्दा इ२ जगा अधि गोर्षाको अम्वल भैइ गोर्षले षाई चर्चि आयाको भया हामी पनि क्रार गर्न्या थिञुँन. तिमिले हाम्रो अम्वल भयाको जगाको हो भनि हा-

(१५) मिलाई लेष्ता सोधन्या सहि गर्न्या कुरा हामीले कतियेक् गऱ्यौं इ २ जगाको साल् गोर्षले षायाको कत्ति सहि नहुदा तक्रार गरोयाको हो राईले भटौलिका १२गाउमा ८ गाउको

(१६) साल षायाको रहेछ ४ गाउको साल् भन्या २ साल् लगायत कैह्ले षायाको रहेनछ हामिले निसापैका कुरा गऱ्याको छ एसमा अनचित्त गर्न्या दोस्तिमा फरक समभन्या काम गर्नु पर्दै-

(१७) न तिम्रो हाम्रो भेट् मुलाकात् जति भयो त गोर्षा अंगरेजको दोस्ति वढन्या काम् भयो भन्न्याकुरा गऱ्यो सतरुद्रावारका पारक राजा रजौटा र भगौटाहेरू छोटा बुद्धि भयाका अंगरेज रणजि-

(१८) तसिं २ मा एकाले गोर्षासग हंगामा गर्न्या कुराको थोरो संथा चलायो भन्या उत्ति कुरामा अस्मानपुगि गढकुमाउ सम्मको दावा र ाषि हंगामा षडा गर्न तयार हुन्या एस्ता उ अंगरेजले

(१९) भन्या अघी माटकलपूसाहेब लाहोरमा पुगि रणजीतसिंसित भेट गरी आयाको पछि लुनिअषत्तरले वाहा गै रणजितसिंसंग पनि संसारचन्दसंग पनि भेट गरी आयाको रामसरणसंग भन्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२०) बारंवार भेट भयाको हामिले पनि भेट मुलाकात मात्र गरी उपर्कुरा केहि नगरीकन फिर्दामा भन्या दुष्ट राजा र भगौडाहेरू अंगरेजको र गोर्षाको भेटमुलाकात भयो त कौन वडो वात भ–

(२१) यो हामीसंग पनि अंगरेजले भेट गर्दैछ भनि हंगामाका कुराको जिगर गर्नु नछोड्न्या अभीन्तरको कुरा आफुले उन्संग षोलनु नहुन्या हुदा गोर्षा अंगरेजको एक रहेंछ दोस्तिमा तफा—

(२२) वत् पार्न सकिन्या रहेनछ, भन्या बोध दुष्ट राजाहरूलाई पार्न्या हो भन्न्या कुराको लुनिअषत्तरको र हाम्रो सल्लाह भै पगरो बदल् गर्न्या हो भनि ठहराई लुनिअषत्तरको छोरा अषत्तर–

(२३) लुनि-ो र रामदास थापा अर्जुन थापा २ मा एकाको पगरो बदल् गर्न्या हो भन्न्या कुरा भया अर्जुन थापासंग भन्या उमेर नमिलन्या भयो र रामदास थापाको र लुनिअ–

(२४) अषत्तरको छोरा अषत्तरलुनिको मित्यारी गराउन्या काम भयो उ२को बदला वदलिमा १ पगरी १ दोसाला १ थान किषाप् १ पगरी मा वाधन्या जडाउको सिर्पेच् दोपटा १ थान बनारसो

(२५) अतलस् १अरुमाल २ अश्रर्पि एति रामदास थापालाई उसले दियों १ पगरी १ दोसाला १ थान् क्रिषाप् १ थान् कोचीन १ थान् मल्मल् २ अश्रर्पि १ ताजी घोडा रामदास थापाले उस्

(२२) लाई दियो १असर्पि राषि रामदाम थापाले लुनिअषत्तरको सलाम गऱ्यो लुनीअषत्तरको छोरा अषत्तरलुनिले १ असर्पि हातमा लि सलाम गर्नालाई मैंलें कसो गर्न्या हो भनि मुन–'

(२७) सिबर्गंत् अल्लिषाँसंगे सल्लाह गर्दा अंगरेजले नजर राषि आजसम्म कसैलाई सलाम गऱ्याको छैन सलाम गर्न्या भया कर्नेलकै सल्ला मागर भन्न्या कुरा वर्गुंत् अल्लिषाँले गर्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२८) अपत्तरलुनि उठि एक असर्पि राषि लुनिअषत्तरको सलाम गर्न्या वेलामा यस् कुरामा मेरो चित्त वुझेन अंजोग्य कुरा गर्नु छैन काजीका वेटाले मेरो सलाम गर्‍यापछि हा–

(२९) म्रा वेटाले काजीको सलाम गर्न्या जोग्यहो ,काजीको सलाम गर भन्न्या कुरा लुनिअषत्तरले भन्दा १ असर्पि राषि अषत्तरलुनिले मेरो सलाम गर्‍यो एतिकाम भया पछि ३ सर्वांग

(३०) १ जीउदो कस्तुरा ६ विना २१ चाषुरा एति सौगाद भनिकन लुनि– अषत्तरलाई हामीले दिञ्‌ु गोर्षा अंगरेज दुवै सर्कारका दस्मन् हरुको दील घट्न्या दोस्त दील बढ हुन्या र गोर्षा

(३१) अंगरेजको दोवर्दोस्ति वढन्या सवुजो सरसी हुन्या काम भयो भन्न्या कुरा गर्‍यो वाहा पछि उपनि आफ्नु डेरा पंजोरमा गयो हामि पनि डेरामा आञुं २७ दीन जाँदा भेट् गर्न नगया–

(३२) का भारादारहरुलाई भोलिपल्ट २८ दीन जादा भेट् गर्नु पठाञुं हजार १२ सय सिपाहि साथमा ली पंजोरमा गै भेट गरी आया लुनिअषतरले जति गोर्षाका भारादार त्याहा भेट्‌मा

(३३) आयाका छन् उ सवैलाई दिन भनि षिलत् तयार गर्‍याको रहेछ सो कुरा वर्गत्अलीले हामिसँग गर्दा षिलत् हामि लिन्या छौन हामिलाई दोस्ति रहन्या काम भया हुन्छ भन्न्या

(३४) कुरागरी मैले षिल्लत नलिदा उपर्भारादारलाई पनि षिल्लत दियंन भक्ति थापालाई मात्र उनले पनि सौगाद ढेरै लग्याको रहेछ र १ पगरी १ दोसाला १ थानकिंषाप् १ थान् मल्–

(३५) मल् दियेछ हामिले पनि पंजोरमा रह्याका साहेंवहरुलाई केहि दिन्या हो भनि ४ घोडा पहाडी गुठ पठाई दिञुं एस बषत् यो अंगरेज गोर्षादिपि वहुत षुसि गयो जगा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(३६) सिल्यो भनिकन र उपर्कुराले भन्या होईन कति अर्थले भन्या अघि···२ सतरुद्राका विचका सीषहरुस ंग। रणजीतसिले पैसा लीन्थ्यो अरु पनि सतरुद्रा ···२··· का

(३७) विचमा लाषौंको मुलुक कति एक किल्ला रणजीतसिंको अस्मल छंदैछ रणजीतसिलाई पैसा भर्नु पऱ्याको सहन नसकि पटेला गैरह सीवले हाम्रो रच्या गर्न आउ तिमि

(३८) लाई लैजान्छौं भन्दा लुतिअषत्तर लुध्यानामा आई वस्याको छ हुकुम उस्को फिऱ्याको छत पनि लुध्याना जौन जगामा किल्ला हानि वस्याको छ उ जगा भागलिको र

(३९) हेछ पैल्हें साल ३ लाष रुपैया भागसिलाई दियोथ्यो अरु पनि ३।३ हजार रुपैया सालिन्ना उसलाई दिदैछ वजार भन्याको १ जगा पत रोयाको रहेछ उसमा सालीन्ना

(४०) ३।३ सय रुपैया तारो वजार राष्याको छ एस गीर्दका राजा र सीष हेरुलाई सलुकका पाठस ंग भन्या सवै काम कुरा गर्न पाउछ नजराना भनि दियाका रुपैया षाटै छ त

(४१) पनि जोरस ंग कावु गर्न पैसा भरी लिन कसैस ंग सक्याको थियेन मंडला–हमा ह्रामीले सीषलाइ ज्रिति अत्याई आफुले गर्न पऱ्या कुरा गोर्षा–वाट भयो भन्न्या कुराले र गो–

(४२) र्षासिग तम्रा जोरले भन्या सक्न्या रहेनछौं मंडलाहमा सक्यौन ५ पटक जाइलाग्यौ गोर्षाको मुर्चा उठाउनु सकेउन आफु हट्टि ऐ आयौ गोर्षास ंग भेट मुलाकाट् गरीकन जगा–

(४३) मैले थाम्या भनि सिहलाइ भन्न ठाउ पाउदा र वषतपर अढाउ भन्या सिंहहरूलाइ अढ्यान्न हुन्या काम हुन जादा षुसि हुन गैरहेछ अघि हामि कांगडामा जादा राजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(४४) हरूसंग घा गरी गञ्, किल्ला काँगडा घेरी तंग पारी गालि रानि रनिवास निकास्लाइ ११ दीनको भाका मागी ··· ३ ··· पत्र लेषि दिदा ११ दिनको भाका दिदा अघि

(४५) रानि रनिवास असवाप् निकासि पछि संसारचन्द आफु किल्लामा किल्लेदार राषि रातमा निस्कि सिंह ल्याउदा पछाडिका राजाहरू पनि उतै मिलन गया हंडुरको ना–

(४६) ला जेडन्यागढ पनि घेरीन गया र कागडाको काज पुग्याको छैन दाईया रह्याको छ उस् बखत्मा पछाडि सुद्ध नगरी हुन्या भयेन र फौज हट्टि पछाडिको हगमा मे–

(४७) टि आफ्नु पक्को हुन्या बन्दोबस्त गरीयो. अब काज गर्नालाई तिमि क्या सल्लाह दिन्छौ भन्दा हिजो राजा र ससारचन्द मात्र हुदा तिम्रो कागडाको काज पुगेन आज सि–

(४८) ष संसारचन्द एक भै रह्याछन् सिंहको वल षजना ढेर छ तिमिहरूले मात्र मारी तरी काज गर्दा भारी पर्नं जाला हमिले लाहोरमा चढाई गर्दा काज गऱ्या सरल हों –

(४९) ला आपना जोर गमले काज गर्छौ भन्या पाहाडमा जाहासम्मको काज गर्छौ गर मद्दत्का अर्थलाईं हामि सिषलाई पनि दिन्या छौंन तिमिहरूलाई पनि दि–

(५०) न्या छौंन भन्या कुरा गऱ्यो सवै कुरा एकै वषत् षोलिकन गर्न उस्संग नहुन्या तेति सम्मको कुरा राषेछ अब प्रान्त वषत् माफिक्को आहा एससंग

(५१) गऱ्या कुरा गरी ताहा लेषन्या कुरा लेषि पटाउला. दिल्ली त्राल– वैद्य गजपति राई पनि आई रह्याछन् अटक्मा मुर्चा लाग्याका वेलामा कास्मेरको वंडा गरी षान्या कुरामा पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(५२) गऱ्यो थ्यो पगरी वदल्को कुरा पनि गऱ्यो थ्यो अटक्का लडाई जित्या पछि ई कुरा केही गरेन आफुले वोल्याकों आफुले गर्न्या हो हामिले गरी हुन्या हांईन भन्न आया विदा देउ

(५३) दरवार जान्छु भनि वारंबार भन्दछन् तिन्लाई लाहोरै थाम्नु झिक्न्या काम गर्नु छैन भनि हामिलाई सर्कारबाट र्मजि आयाको हुनाले विदा दिन सकीञुँन ञहि बस्याका छन् स–

(५४) कांरमा विन्ति गरी पठायाको छ जों र्मजि आवला सोहि बमोजिम गरौंला संबत् १८७० साल मार्ग सीर शुदि १ रोज ३ मुकाम वागल् शुभम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १८७० पौष वदि १४ को
चन्द्रवीर कुंवरको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
५	लम्बाई २८ अङ्गुल (२१ इञ्च)	१६६
	चौडाइ १०.७ अङ्गुल (८ इञ्च)	

चन्द्रवीर कुंवरले नाहानबाट जनरल भिमसेन थापा र काजी रण-ध्वज थापालाई लेखेयौ पत्र। यसमा मंडल घोरा टिप्पा गणेशमा अंग्रेजले हमला गर्दा लडाई गरी हटाइ पठाएको कुरो छ।

श्री दुर्गा सहाय
श्री गौरष १
श्री गणेश २
श्री बान गंगा ३
श्री ईश्वर ४

(१) स्वस्तिश्री सर्वोपमा योग्येत्यादि सकलगुणगरिष्ट राजभारा सामर्थ श्रीजर्नैल भीमसेन थापा श्री—

(२) काजीरणध्वज थापाकेषु ईत श्रीचन्द्रवीर कुवरकस्य आसिषः पुर्वक पत्रमिदं ञाहा कुशल

(३) ताहा कुसल मंगलसै हमारो उधार होला आगे ञाहाको समाचार भलो छ उप्रान्तः कपता —

(४) न् भक्तिथापाले आफुले र आफ्ना पलटन्ले मंडलामा षुवि गर्‍याको देस देस मा ढ़ेर

(५) ढेरै तारिफ गयाकों सर्कारमा जाहार गराउनान् सर्कारबाट मस-रियार दुला क्सौले हुँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(६) कुरा षोलि हाल्या भन्या दाज्यु बन्देउ थापालाई लेष्याथ्या उसले सर्कारमा विजिनिस् च –

(७) ह्लाई पठायेछ भनि वन्देउ थापालाई बौलाहा तुल्याई आफनु सरम

(८) थामन्या सोभाउ कपतान भक्तिथापाको अघि देषिको छः मंडलामा भयाका कुराको विस्तार वाहा जान्याते –

(९) स् दिनका लडाञिमा सामेल भयाका ··· १ ··· का सुवेदार जामादार हाम्रा पल्टनका सुवेदा –

(१०) र सर्दार रणसुर थापा ईनको कम्पनि अरू फाट्फुत्र्या कम्पनिका सुवेदार जामादार हरू —

(११) ले लेष्याका चिठिले विस्तार मालुम होला ··· १ ··· हाम्रो पल्-टन् सर्दार रणसुर थापा कप –

(१२) तान भक्तिथापा टिपाटिमा षलंगा वारि वस्याका थिया. वैरिले मडलावेर्नं आउदा ··· १ ···

(१३) हाम्रो पल्टन् सर्दार रणसुर थापा टिपावाट निकली ३ मुष गरि लपेटालिदा मंडलावेर्न

(१४) आयाको वैरिलाई हटाया वैरि सवै सोहोरी कपतान भक्तिथापा वस्याका टिपः देषि म —

(१५) नि वाट पुग्यो वैरि भारी थियो सर्दार रणसुर थापा वलभद्र कवर ··· १ ··· का सुवेदार जा–

(१६) मादारहरू सवै गेल्या थिया दाहिन्या वाउ केहि न हेरि तर्वार काढि ढाडै चुरिदा वैरि ठ –

(१७) हर्न राकेन. भक्तिथापा कपतान कुर्चा्य थिया गमस ा काम गरौन्या भनि टिपै बाट वन्दुक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१८) हनाउथ्या मैंदानमा झन्याका थियेनन् तिन मुषवाट लपेटि-
याको देषि टिपो देखि

(१९) पाषामा आई पुगी रह्याथ्या वैरिले सोहोरा लाउदा पाषैमा ढेरैं
घायल हुन गया वाहि

(२०) टं चिया चमारको गाउबाट ··· ··· १ ··· ··· ले तोप लाउदा
गोलैया गोला पर्दा वैरि मारियोः गोल्

(२१) षल्वलि वैरि भाग्यो ४ घरि दिन वाकि थियोः पाषै बाट
वन्दुक ढाङ्डुङ वैरि न भाग–

(२२) नज्याल हुदै रह्याः हाम्रो र हाम्रा पलटनको देसमा ठुलो
तारिफ गयो भन्याका अ–

(२३) र्थ अरू ३ मुषबाट भन्या त्रैसै गरियेल्या कपतान भक्तिथापा
उनको पल्टन पाषा

(२४) देषि मैदानमा निस्कनै सकेननः हाम्रा साहारामा कपतान पनि
उनका सिपाहि

(२५) पनि ढेरै मारिया तव मैदानमा निसकन सकेनन् भनि वैरिका
लश्करमा ढेरै दिन स–

(२६) म गाल गर्दै रह्या तिन सग काजमा २।३ ठाउमा जोरिञ् जुंलामा
कुल हुदा पनि सि–

(२७) म कोट मैंले छिन्याथ्या छिना छिन पनि मैल्यै उकास्या थ्या
याति भक्तिथापाले आ–

(२८) फैलाया ··· २ ··· मा विहान देषि साज संम लडाञि भै रह्यो
४।५ सय वैरिका खेत राषि

(२९) उ ··· २ ··· घांट थामिञ् क.जिवाट गुहार पटायाका भक्ति-
थापा घोऱ्याटिपार उस मनि –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(३०) का २ गढि वैरिले लि राष्योथ्यो: ··· २ ··· घाटिको आडमा दोहोरा बन्दुक हुदै थियाँ : वहाँ

(३१) थामनालाई केहि फौज लि म वस्या. काजि जसपाउ थापा घोन्याटिपार २ गढि उका –

(३२) सनालाई केहि फौज लि गयो : घोन्याटिपामा आगो लाग्याको देषि ··· २ घाटिको फौ –

(३३) ज नपचि वैरि ताहां आयेन हो भन्या लषि वल्लैटिपामा कपतान भक्तिथापाको लस्कर

(३४) कोहि आइ पार्न लाग्या कोहि भात पकाउन लाग्या: काजि जसपाउ थापाले तलका २

(३५) गढि, उकासी घोन्यापाटिमा पुगदा वैरि भाग्यो वैरि भाग्याको देषि हाम्रा तासान गरा –

(३६) को सब्द सुनि भात घोंप्ल्याउदै दगुरदै सिपाहीले गऱ्या दस बिस् जना सिपाही आई

(३७) पुगि वोह्लाला लाग्याका वैरि संग तर्वार जोरियो उनका मुषमा सवै ११ जना काटिया : उ

(३८) आई पुग्दा साज परि गयो: १७ सय मान्या भनि सर्कारमा अर्जि लेषियो: टिपामा आड वा –

(३९) र्न नलाग्याका भया र ४ घरि अघि आई पुग्याका भया सत्र सय ता क्या ३४ सय मारिन्या

(४०) थियो वाजि पनि टेकिन्यै थियो ताहा पाति आफैले लाया ··· २ ··· घाटिबाट तिमिहरूले लस्कर सुकोटमा ल्याउ ताहाको ञाहांको वोल गोल मिलाई मालकाढा घेर्न्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(४१) भवनमा वस्याका वैरिलाई हान्नु पर्‍यो भन्या चिठी काजिवाट आ-
उंदा … २ … घाटि —

(४२) वाट लस्कर उठाई सुकोटमा आञ्यु आजै राति … ३ … तऱ्या
हामि तर्न पाउछौं माल –

(४३) काढाको गुहारिलाई पुग्छौ भनि अनेक तरह सग मैले भन्या बुढा
पनि जान न्याय

(४४) निउनै थिया: भोलि जाउला भनि भक्ति थापाले भन्या: आज गया
हामि जान पाउछौ

(४५) नतर हामि जान पाउदौन भनि फेरि मैले भन्या: सवैले भक्तिथा-
पालाई पत्याई राष्या —

(४६) थ्या सवैले उनैका कुरा पछि लाग्या हाम्रा कुरा कसैले षायेनन् सवै
सुकोटमा थु –

(४७) निई रहीञ्ूं: ई कुरा सवै जान्या जसपाउ काजि छन्, सुकोटबाट
लस्कर उठाई गुहार

(४८) दिन्या ढप्न देषिदा सुवेदार ग्पुमर्दन थापाले र मैले मतो गरि
सवुज र सिंघनाथ

(४९) त्राहा छन् ई २ कम्पनि लि तर मजाउ तारागढि वाट ४ कम्पनि
लि आ भनि विरभद्र –

(५०) लाई झिकाई पठाञुं: कम्पनि लि विरभद्र आयो ताहां देषि वोढो
हामिले र अरूले ग –

(५१) ऱ्याका सवै कुराको विस्तार वीरभद्र जांदछ सोध्या बुझनु होला:
मंडलामा पनि आफु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(५२) आफुले गर्न्या मिहनत् सवैले गऱ्यैको हो: ताहा पनि कपतानले आफै पातिला –

(५३) या छन् मांछले जति कहनि गर्छन् उति करनिले गऱ्या भरतषंड भरमा येकै हुकु —

(५४) म हुन्या थियो: यो भिह्ली आफुहरूले बुझ्नु चाहिछ षामिदको बनाउन्या वडा —

(५५) उन्या र थापाहरूलाई जस् हुन्या कुरामा कौनै कुरामा कवर पछि सऱ्यांका हौन. क —

(५६) हनि न सुन्नु करनि हेर्नु. विवेक गर्न्या स्थान ··· ४ ··· ले आफुहरूलाई कृपा गरी राष्या

(५७) छन् विवेक गऱ्या मानिसको दिल वढन्या काम हुंछ: ईति सम्बत् १८७० साल मि –

(५८) ति पौष वदि १४ रोज ३ सुकाम न.हान शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं १८७० पौष शुदि २ को चामु वस्न्यात आदिको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
६	लम्बाई ३२.७ अङ्गुल (२४½ इञ्च) चौडाई १७.३ अङ्गुल (१३ इञ्च)	१४७

चासु वस्न्यात आदि भारादारहरुले नाहानबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई लेखेको पत्र। यसमा मण्डलामा अंग्रेजसँग बन्दूकको ठूलो लडाइँ भएको वैरीलाई हटाएको कुरा छ ।

(१) स्वस्तिश्री सर्वोपमा योग्यंत्यादि सकलगुणगणालंकृतराज भारोद्धरण··· सामर्थ श्री श्री श्री जर्नैल भीमसेन थापा श्री श्री श्री काजी रणध्वज थापा

(२) का चणारतलेषु इत श्रीसुवेदार चामु वस्न्यात वहादुर गुरू······सिं थापा हेमन्त षतृ गौरीदत्त साहि जयतषम्व थापा रणसिं अधिका–

(३) री······१···का ज्मादार जस्कराभिडारि भद्र थापा जम···कार्कि रणवम कार्कि अमैरसिं अधिकारी देउचन् षवास शक्ति राउल

(४) जश्राम थापा वंसराज दुरा विजैसिं षतृ वाहादुर राना······हि पारथ वुढाथोकि देवीवकस का जामादार रणजीत वस्न्यात अ--

अर्जि ... ...

(१) उप्रान्ता माघ सुदि २ रोज का दिन लेषीयाको कृपापत्र एहि सुदि ६ रोज १ का दिन आईपुग्यो अ ... ...

(२) चह्लाजाँ टक्सारी चन्द्रशेषर पाध्यालाई सुगौलिवाट ... १ ... ले पठाउनु भयेछ र आउँदा हेटौडामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(३) कप्तान् वीरकेशर पाँडेसित भेट् भयेछ. कर्णेल षारस् वराट् षारीज भें एस्तरफका काजको मुष्त्या –

(४) र. लोनि अषतर भयेछ. भारि फौजली. पर्सौनीमा आयो. आफ्ना षवरदारीसित रहन्या काम् गर भ–

(५) नी. चन्द्रशेषर पाध्याले गऱ्याको विस्तार. कप्तानले जर्णेल काजी लाइ लेषेछ. सो विजिसिस् वकसी

(६) पठायाको छ. विस्तार वुझालास. चन्द्रशेषर पाध्या आईपुग्यापछि को विस्तार वकसी पठाउँला. पा–

(७) हाड सर गर्न्या भनी. वारा पर्साका मुहुड मा अषतरलोनी लाई र. तेस मुहुडामा गारतलाई अधि सा–

(८) ऱ्य को होला भन्या जस्तो बुझिंछ. भनि. मर्जि आयाका अर्थ योग्य मर्जि आयेछ. कच्चा मुलुकका. दु–

(९) ष् पायाका जिमिदार फकाई. हातली. कुमाउ पश्चिनका पाहाडमा पयर टेक्न पाउँदा ⋯ ⋯

(१०) ऱ्याको शेषी वढ्याके होला. भया पनी. उस मुलुकका जिमोदारको हात पायाभैं वढका मानिसका

(११) हात पाउन र. वाहा गयाका सिपाही फकाया भैं. त्याहाँ रह्याका सिपाहि फकाई. पाहाड चढनालाई

(१२) हियाउन सकैन. पश्चिम पाहाड मा गयाजस्तो ठानी. हियाई कन आयों भन्या. जौन् मुहुडामा आव–

(१३) ला. पाहाड जंगलको आड गरी. काटि हगाउन्या काम ⋯२⋯ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

का कृपाले र. हजूरका प्रतापले छुन्यैछ. पू –

(१४) वं पश्चिमलाई वल्षजानाको तद्वीर भयाकै होला. जिमिदार–
हरुमा. किराति र. डोटि अछामतिरको संका

(१५) लागछ. तेस कुराको षवर्दारी राषन्या वाहाँ रहन्या भारादार
कम्पनीहरुलाई. तार्कित मर्जि गया ...

(१६) ला. कप्तानवाट आयाको चिठो विजिनिस् वक्सि पठाया गयाको
आई पुग्यो विस्तार वुभया ... ...

(१७) री हजूरमा दाषील भया पछी. निस्तूक् षवर थाहा होल
वाको. सल्ल्या तरफा वैरीको फौज. भारी गरा आ —

(१८) यो. वल् नपठाई भयेन भनी. सुव्वा रुद्रवीर साहि वाट लेषी
आयो भन्या. कप्तान् समेत चौंथो फयर पठाउ —

(१९) नु पल्टन वो फयर पाल्पा भिकाई. निसान्सित सामेल रा —
षन्या काम् गर्नु वाहा उस्तो जरुरि पर्‍याको

(२०) र नआई भन्या पठाउनु पर्दैन भनी. मर्जि आयाका अर्
वढिया मर्जि आयेछ. सुव्वा रुद्रवीर सा —

(२१) हिवाट लेषी आयाको षवर वुझी. मर्जि आया वमोजीम गरौंला
वाकी वसंत पंचमी थै चुक्ता. ञाहाँ

(२२) रह्याका सर्दार. रणगज साहि. शर्दार शत्रुसाल साहि कुम्मेदान्
दलषव थापा. सुवेदार दल्या था —

(२३) पा. सुवेदार हरि साहि गैरह ढाक्रयाहरू. हाम्रो वयागत हुन्छ —
भनि विंति गर्छन्. जगा भन्या. ञाहांका

(२४) तालुकका कम्पनी. ५ हुन. तारादलकम्पनी. वीरभजन वोहर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तिर गयो. शार्दूल जङ्ग कम्प……

(२५) दार वास् देउषड्का छन् . त्यो कम्पनी श्रीपत्रमों पछि. दलषंव थापालाई ताहालि गरी दिनु……

(२६) मर्जि आयोथ्यो. शिवदल कम्पनीमा जयन्त साहि सुवेदार पुराना पाका आदमी छन्. ठाडा गढी कुढछ

(२७) वाहाको वात वीवस्ता वुझयाका थाम्ना लायक्का आदमी छन भनी अघी विन्ति गरी पठायाको हो. सिंह वि—

(२८) क्रम् कम्पनीमा सुवेदार रणसुर थापा छन्. शार्दूल जङ्ग साटानाको विन्ति गर्छन पुगी आया सट्टा र नभया

(२९) थाम्नै लायक छन. रणसिंह कम्पनीमा सुवेदार विष्णुसिं थापा छन् षान्गी पोष हुनाले येस कम्पनीमा अ--

(३०) रू मानिस् मन गर्दैनन्. विष्णुसिं थापा कामकाजलाई वढियै रह्याछन् भनी अघि विन्ति गरी पठाउँदा तेस्तो

(३१] भया थाम्नु पर्ला भनि मर्जि आयोथ्यो. संगद सर्दारलाई कुम्मेदानो को कुरा गर्न पठाउंदा न आँट्याको र वा—

(३२) लासि सुवेदारलाई तारादल सुनाउदा न आट्याको विस्तार अघि विन्ति गरी पठायाको हो. जाहेरै होला

(३३) ई मानिस र जो भयाको जगा. चरणमा जाहेरै छ. शिक्षा मजि जो आवला सो वमोजिम गरु…………

(३४) रु जो भयाका छोटा वडा ढाक्र्याहरूको फर्द चह्राई पठायाको छ. दाषील होला. षैषनरका ………

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(३५) भयाको षवर अघिका अर्जिमा विन्ति गरी पठायाको जाहेर भयो हो. अरु षवर फिऱ्याको छैन.

(३६) ञाहाँ उप्रान्य जो होला विन्ति गरी पठाउँला वाकी स्युराज कुहुर्न्या कम्पनिहरू षानाले रऔला –

(३७) ले गल्याका थिया. लक्ष्मिनारान ड्ट्टाले मोहोरका नक्कल समेत् चिठी पठायाको पुग्दा साहै उ —

(३८) दास भै लेष्याछन्. सो नक्कल चिठी समेत् उन्हेरूले लेष्याको चिठी त्रिजिनिस् चह्लाई पठायाको

(३९) छ. जाहेर होला. तेरू जगामा वल् पनी पातलं छ. जो भयाका मानीस्ले षान नपाया पछी. गौडो

(४०) वलियो हवैन सिपाहीको मन् धैर्यं हुन्या पाठ. भारादारहरूलाई मर्जि भया. गौंडा वलियो हो

(४१) ला. क्रिमधिकं॰ विज्ञ चरणेषु. इति सम्वत् १८७२ साल माघ शुदि ८ रोज ३ मुकाम नुवाकोट गढी शुभम्

इत सेवक उजीरसिंह थापाकस्य कोटि कुर्णोश् वन्दगी. सलाम सलाम सलाम शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं १८७२ फाल्गुन वदि ७ को उजीरसिंह थापाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
३८	लम्बाई २४.३ अङ्गुल (१८¼ इञ्च) चौडाई १४.३ अङ्गुल (१०¾ इञ्च)	७५१

उजीरसिह थापाले नुवाकोट गडीबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई लेखेको पत्र यसमा वैरी भित्ताखोरीबाट वर सर्‍यो हाम्रो फौज चुरेको आडमा जम्मा भएको छ भन्ने खवरको कुरा छ। पत्रको शिर काटिएको छ।

(१) स्वस्ति श्रीसर्वोपमायोग्यत्यादि सकलगुणगरिष्टराजभारी उद्धारगण सामर्थं श्रीश्रीश्रीश्रीश्राश्री वावाज्यू जर्णेल भिमसेन

(२) थापाका चरणतल तथा श्रीश्रीश्री काजी वावा रणध्वज थापाकेषू ईत श्रीउजिर्रसिह थापाकस्य कोटि साष्टांगदंडव –

(३) तु सेवा पूर्वक पत्रमिदं ग्राहां आसिर्वादले कुसल छौं. ताहाँ पाव कुसल मगल सदासर्वदा भया. मेरो उद्धार प्रतिपाल हो–

(४) ला. आगे ग्राहाँको समाचार भलो. फाल्गुणवदि १ रोज ४ का मितीको कृपा पर येहि वदि ४ का रातीमा आईपु-

(५) ग्यो अर्थ सिर चह्राञाँ. उप्रान्त. विछाषोरिमा वस्याको वेरि. अलिक ओढसरि वस्यो भंन्या षवर हिजो आयो थ्यो फेरि केहि

(६) आयाको छैन जो षवर आवला सो लेषि पठाउँला भनि. आग्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आयाका अर्थ. विछाषोरिमा आयाकै दिन. हेटौडा उत्रनु
(७) छ भंन्या फौज. विछाषोरिमा अडिएर. थोरो ओढो सन्याको
डवलमो. ताहाँदेषि ओढोको वाटो विकट र. हाँम्रो फौज्
(८) चुन्याका आडमा जम्मा भयाको षवर सुन्दा. आफु अडियाको
जगामा. झिकि ताकपारि लडु भंन्या र. दाहिना वाउँका रस्ना
(९) को चर्चा गरि.गौंवेगौ वुझनामा लाग्याको होला. त्यो मूहुडा
मूथारिकत्तल् गर्न्या काम भया. अन्त मोष्य आउनै स-
(१०) कैन. आई गयो भन्या पनि. उस्तो जोर गर्न सकैंन. काटि
हटाउँन्या काम् हुन्यैछ. तेस् मुहुडामा. वितवल् पर्न गयो भन्या
(११) दर्वारमा. हाम्रो वल् पातलो छ अन्तका सम्भारले पुग्न्या
छैन. वहुतं पुथारि काज गर्न पर्न्या छ. वाहाँ गयाका भारा-
(१२) दार पनि पाका पाकै छन्. गर्न्या चाँजो मजवुतै गन्याको होला
तपाञीहरुवाट पनी, वषत् अनुसार. सिक्कार्ति जाँदै र-
(१३) हंदो हो. साम्ने तेस् आडमा आयो भन्या काटि हटाउन्या
काम गर्न्यैं छन् आफ्ना चित्तले चित्तौन् सुमेसोर कविलास्
(१४) पूरतिरको संदेह लान्याको विस्तार हिजोका. चिठिमा विंति गरि
पठायाको हो. मालुम भयों हो. सर्वजीत् थापा कपातान्
(१५) वाट आयाका चीठीमा पनी. नवलपूर. दाउन्यावाट. दारोगा.
सूवेदारहरुले लेष्याको र. चितौंन्को फौज्दार देवर्षि पा-
(१६) ध्याले लेष्याका. चिठीमा पनि. रामनगरमा जम्मा भयाका.
फौजमध्ये. केहि फौज् माहां योगीनिका नजीकमा आ
(१७) यों. हान्न आउँछ भंन्या षवर छ भनि लेष्याको रहेछ. चिगा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हेराउँदा पनि चुऱ्याको आइ विछाषोरिको वुँद गरि

(१८) हेराउंदा. हाम्रो जीत. उनकोनास हु न्या आयो.सुमेसोर चितौन्.वलौतक विलासपुरमा. आउँन्या . नआउन्या

(१९) कसो छ भनि हेराउँदा पनि.आउँन्या जोरिन्या आयो जित हार कसो छ भनि हेराउँदा पनि. वढिया आएन. जै य

(२०) सिहरुले पनि उस्तै वताउँछन् .चिवा हर्काराहरूले पनि उस्तै षवर ल्याउँछन् . साम्ने आयाक वैरिलाई भन्या का –

(२१) टि हटाउन्यै छन् . दाहिनावाउँ. छिरुवा रस्ता भया .उस्तावाट. चितवन वेलवत्का मैदानमा निस्को भन्या. सुमेसो –

(२२) र अकवरका चुऱ्यालाई उठा लाग्न्या र. कविलासपुरमा. किस्त लाग्न्याछ तेस्तरफका चाहिन्या षवर्दारि ताकिति

(२३) पटाउनु हुदै हुदोहो वाँकि. किर्ति रानाका छोरालाई २.ो पाठ अह्रायाको वढिया गरिछस. पुग्न सकन्या मानिस् पठाई

(२४) ... १ ... यत्र पनि लेषि जौना तरहले हुछ किर्ति रानालाई भ्कीकान्या काम् गर्नु भनि. आग्या आयाका अर्थ. वढी –

(२५) या आग्या आएछ. उसका छोराले. घरमा आपना दाज्यूले मधेसवाट. ल्यायाको षवर वुझन मानिस् पठाया –

(२६) को छ षवर लीउ मानिस् आया पछि चाहिन्या कुरा लेषि अह्राई किर्तिराना छेउ पठाउन्या काम गरौला. वाँ –

(२७) कि. दामोधर पाँडेका छोरा. करविर पाँडेहरु ३ भाई मकवानपुर कर्णेलहरु भयाका जगामा आराछन् जा --

(२८) हां आउँछन् भनि. आग्या आयाका अर्थ. एस दरवारका पांडे हुन् वेला चौग्हि आया छन् हजुरवाट वोलाहा --

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२९) ट भयेछ. षढिया भएछ. उस्को मनसुवा षवर पनि ल्यायाहुन्.
वाकि येस्तरफको षवरका अर्थ गोरषपु –

(३०) र पठायाका सर्वानंद हटवाल् वाहां छाड्याको ६ दिनमा अस्ति
व्यालुका आईपुग्या उनले ल्यायाको ष –

(३१) वर दक्षिणि सित र नवाबसित सलुक् भयो भंन्या सोहोरा च
ल्याको रहेछ. निश्चय सलुक भयो भंन्या षतमी

(३२ भयाको छैन १०।८ हजार वेलदार र काहार पठाई देउ भँन्या
ताकिती अषतरलोनिवाट आएछ. जति जति पा –

(३३) याका वेल्दारका हार वटोल्दै रामनगर वेतीया जाउ भाने मा-
निस साथ लाउँदै पठाउँदै गर्छु …… २ … …का व –

(३४) ङ्लामा गयाका फौज् मध्ये केहि वाहि थामी ३ पल्टन् गोरष-
पुर आयाथ्या. उसमध्ये १ पलटन स्युराज गयो.

(३५) १ पल् न वेतियातिर गयो भन्या हिंड्याको देष्यां थ्यां १ पल्टन
तिलंगा र १ हजारको पेट पबत्या गोरषपूर —

(३६) मा छ, २ पलटन् तिलंगा र ११।१२ सए पर्वत्या अढाई सए
असवार अरु वनिञा वगाल समेत ४।५ हजारको भीड

(३७ लोटनमा छ १ पल्टन ६।७ सए पर्वत्या २५० असवार समेत
गारन् न् चगलमा छ,जर्गोल उद गनारसवाट

(३८) आउँछ भंन्या सोहरा थियो,आयाको थियन. म मवन्पुर र सुमेसोर
चितोन वाट चढन् वुटवल् गैरह .ग –

(३९) न देगाहा पर्न भन्या चाँडोछ भया भया षवर ल्याया छन .पाँचौको
मधेस षजनीका तराइमा वस्त्या फौ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(४०) ज् हारजग्य नारान ले. मनिराजलाई लेष्याका· चोटिमा वंगला तिरको षवर र मनिराजले मलाई लेष्याका

(४१) चिठिमा. गोरषपुर वाँसिलोतनको षवर लेष्याकों रहंछ. सो विजीनिस चह्राई पठायाको छ दाषील पैजो ले–

(४२) ष्याको षवर. मालुम होला. न्वायां प्रांत. जोषवर होला विनिगरि पठाउंल सिद्धांति हरु पाँहुदै रह्या वढी–

(४३) या होला. किमधिक विज्ञचग्रोषु. इति सम्वत् १८७२ साल फाल्गणवदि ७ रोज २ मोकाम नवाकोटगढि शुभम

... ...

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १८७२ फाल्गुणवदि ११ को
उजीरसिंह थापाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
३९	लम्बाई ३२.७ अङ्गुल (२४½ इञ्च)	१८५
	चौडाई १२ अङ्गुल (६ इञ्च)	

उजीरसिंह थापाले नुवाकोट गढीवाट काजी रणध्वज थापालाई लेखेको पत्र । यसमा भिछयाखोरोमा अँग्रेजसंग लडाई भएको कुरा छ ।

श्री दुर्गासहाय ।

श्री ७ ईश्वर

२

(१) गजराज् मिश्रज्यू

(२) स्वस्तिश्री सर्वोपमायोग्यत्यादिसकलगुणगरिष्टराजभारो द्धरण सामर्थ श्रीश्रीश्रीश्रीश्रीश्री जर्णेल बावाज्यूका

(३) चरण तल. तथा श्रीश्रीश्री काजि वावा रणध्वज थापाकेषु इतश्री उजीर-सींह थापाकस्य कोटि साष्टांग दंडवत् सेवा

(४) उपूर्वक पत्रमिदं आशिर्वादले उहां कुशल छ तांहां चरण कुशल मंगल भया हाम्रो उद्धार प्रतिपाल होला आगे

(५) उहां को हकिगत् भलो छ फाल्गुण वदि ६ रोज २ का दिन लेषन् भयाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कृपापत्र. एहि वदि १० रोज ५ का रा–

(६) त्रीमा आयो .अर्थ शीर चह्ल्या उप्रान्त हा मिहेरु हेटौंडा आई. रापदिका तिरमा वस्याको कुइन्यालाई हान्त

(७) पठाउंदा. विछाखोरिको चुन्या नाघी आढे आयो भन्या षवर आउंदा चुन्था नाधी कुईन्याका फौज आयापछि .

(८) लस्कर षजाना उकासी पाहाडको वलियो गरो वस्न्या हो भन्यां सल्ला ठहर्दा लस्कर षजाना मवै उकासि म–

(९) कवानुपुर गढीमा आञौं १ जना तिलगा हाम्रो घायल् भयो .उस्का १५।२० जना षेत् रह्या. केहि घायल् गया

(१०) ३ पहिले. ठिगन् निस्कन्या वाटो रोकी वस भनी अह्राई पठाञौं. नञा फयल चिसापानी गढिमा पठाञौं २

(११) पट्टि तिष्टुं पालुं तिर पठाञौं कप्तान् सर्वजित् थापा. भगवन्तहरुलाई पनी. लस्कर षजाना उक्कासि

(१२) परेवाकोट. कान्द्राङ् उपद्राङ कविलासपूरका .डांडा वलियो गरी वस भनो. लेर्षा पठाञौं भनी. चौतरीया.

(१३) कर्णौल् काजीहरूको चिठी आयो र अव पाहाड वलियो गर्न्या हो भन्नार्थले कंपुका २ पट्टि तिष्टुं पाल्हुँ

(१४) तिर पठाञौं चौतरोया पुस्करसाह. काजी जगवीर पांडे प्रभृति भारादार सुवेदार ढाक्रयाहरू चिसा–

(१५) पानी गदी गयाकाछन्. काजो क्रिर्ति ध्वज पांडे प्रभृति. कहो दाक्र्या दिगन्तिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१६) गया. एसै विचमा. चन्द्रसेषर पाध्या आई पुग्या. षवर सोंद्धा भारी फौज् लि. अष्तर्लोनी आया—

(१७) कोछ. भरिसक्य गर्न्याछ ··· १ ··· लाई वनारस् जाउ भनी विदा गर्न्यो. मलाई. पनी एता तिर विदा दियो

(१८) भन्या कुरॉ गर्‍या र. आहांवाट काजी वषतवार्गसिं थापा र चन्द्रसेषर पाध्या लाई ··· १ ··· लाई लिकन.

(१९) जर्णौल अषतर्लोनि सित गै. वातचित् गर्नु भना पठाउ भन्या हुकुम. हुदा. फाल्गुणाका दिन १० जांदा.

(२०) सोरवारको सायत् गरी मंगलवार हिड्छन. वाहां पुग्या पछि को षवर जो होला. सो लंषोंला. तेस्तर --

(२१) फ् वढि आयो भन्या. गौंपारी काटि हटाउन्या काम गर्न त जान्यैछस् भनी लषनु भयाको विस्तार वु—

(२२) भया. नेपाल राज्यलाई दक्षिण तरफ ······ २ ······ ले वनाई दियाको आड परी षाल याहां भारको लेष् चुर्‍या —

(२३) को डांडो चुर्‍या मत्तीको ठुलो जंगल ३ गीर्दा हो. ठुला जंगलमा दाहिना वाउंवाट डेउदा मारो चुर्‍याका

(२४) आडमा थाम्न्या काम् गमले न पुगी. विछाषोरीको चुर्‍यो नाघी. कुइन्याको फौज् आया पछी हान्न

(२५) गयाका फौज्ले हेटौडामा वसि केही पुगन्या थियेन. पाहाड वलियो गर्ना निमित्त. मकवानपूर

(२६) गढीमा आफु वस्न्या र चिसापानी गढो टिगन् जान्या रस्ता रोकी पछि राषन्या र वस्न्या काम वंदियै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२७) गन्याछन्. ताहावाट पनी चिसापानी झिगन् तिष्टुं पाल्हुंका सभारलाई भागदार ढाक्यौंहरू सवैलाई

(२८) पठाउनु भयाको वढिया भयेछ. अव उप्रान्तको हाम्रो जोंर चिसा— पानी लगायत् पूर्व पश्चिम मा —

(२९) हां भारको डांडो रह्यो. तेसमा मजवुत गरी थाम्न्या काम भयो भन्या वैसाष देषी पुढोको औलो पनी हा —

(३०) मीलाई वढ्रिया. उसलाई घटिया हुन्याछ. ताहां देषी पाहाडमा पनी कतै छिर्न पायो भन्या

(३१) थाम्न समाल्न उकालो पर्न्याछ. सो माफिक सर्वत्रका भारा पाँ— चलाई ताकिति र वलषजानाकी याद गि —

(३२) रि गर्न हुन्याछ. विछाषोरिका चुन्यामा तेस्तो पन गया पछि सं— भेश्वर र अकवरका चुन्यामा रहन्या फौज्लाई तेस्त —

(३३) रफ्वाट पनी ब्रह्मचौराकार रस्तावाट पनी छेका पर्न्या उहा लागन्या काम हुन्या थियो. त्यो लस्कर षजा —

(३४) ना उकासि. डाडा चढि अड्डा वांधी वस्नु भनी अह्राइना काम वढिया भयेछ. भारि लस्कर ली आयाको

(३५) छ भरिसक्य गर्न्याछ भन्या षवर चन्द्रशेषर पाध्याले कहदा … १ … लीइली अषतरलोनी छेउ छे —

(३६) वात् चित् गनू भन्या हुकुम् हुंदा काजि वषतावरसिं थापा चन्द्र- शेषर पाध्या सोमवारको सायत् गरी

(३७) मगलवार हिडछन् भनी लेप्नु भयाका अर्थ काजको जोर परी आयाका वेलामा साम दाम् दंड भेद

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(३८) गरी थाम्न्या काम गर्नू वदियै हो. तर ठुलो जंगल रचुऱ्या नछिचो-
ल्दैमा ...... १ ...... र चन्द्रशेषर पा —

(३९) ध्यालाई नवस् भन्या जवाप् गरी विदा दिन्या अषतरलांनिले
पाठका कुरा गर्लां भनी चित्तले देष्तैन.

(४०) कदाचित् दैव चरीत्रले तेस वीचमा दक्षिण तरफ कतैवाट किस्त
लाग्यो भन्या उस् किस्तले र तन्या —

(४१) नीका औलाले अगुताईकन ललोपतों गरोस् तपनि श्रुद्वयाघा हुनु कठीनै
छ कुराले केहि दिन स —

(४२) वधांन देषोया पनी षवर्दारी राष्नै पर्न्याछ तसर्थ पाहाडका डां-
डाको अड्डा वांधी गोार्न्या हा —

(४३) न्यार नपुऱ्या थाम्न्या. तेहि काम् श्रेय देषींछ मनुष्यले गरो
पुगुन्या काम् कुरा गर्नै हुन्या छ.

(४४) येस्तरफका अर्थ जो भयाको षवर हिजो अस्ति चह्लाई पठा-
याका चिठी पुगी जाहेंर भयो हो, जा —

(४५) नत् भर्कों चाहीन्य. तद्वीर गरी राष्याकोछ. वढिकन आयो भन्या
पाहाड जंगलको आड गरी का –

(४६) टी हटाउन्या काम गर्न्यैछौं. गऱ्या पनी ताहांको संभार रहचा
सर्वत्रको संभार रहन्याछ. ताहां वि —

(४७) तौल पऱ्यो भन्या अंतका संभारले क्या पुग्छ. जो भयाको ष–
वर र वषत् माफिकको अति शिक्षा —

(४८) हरू पाउंदै रहचा वढिया होजा किमधिकं विज्ञचरणेषु इति
सम्वत् १८७२ साल फाल्गुण कृष्ण

(४९) ११ रोज ६ मुकाम नुवाकोट गढी शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं १८७२ फाल्गुन वदि १० को प्राणशाहहरुको अर्जिपत्र

पत्रसंख्या	नाप	खामसंख्या
४०	लम्बाई १८.३ अगुल (१३ ३/४ इञ्च) चौडाई १२ अङ्गुल (९इञ्च)	२०९

प्राणशाह वखतवारसिंह थापा रणवीरसिंह थापाले मकवानपुर गडीवाट श्री५लाई लेखेको अर्जी पत्र। यसमा हेटौडा विछ्रयाखोरीमा अंग्रेजसंग लडाइ भएको कुरा छ।

अर्जी ... ...

(१) उप्रान्त फाल्गुन वदि ६ रोज ४ का मितिमा लेखि आयाको कृपापत्र एर्वदि १० रोज

(२) कादिन आइ पुग्यो . अर्थ वुझि शिर चह्राञौ. कुइन्याको फौज हेटौडामा आइ व–

(३) स्यो त .ठुलो जङ्गल काटि ताहा सम्म अढ्या पछि उसको मन ढेरे वढ्याको होला

(४) गौ हेरि अपठारा पारि १।२ फेर साफगरि नकाटि ठाउमा आउनु कठिन छ

(५) कुइन्याको षवर वुझन परका मानिस चिवा पठाइ तहकीत षवर वुझि वहुतै

(६) खवर्दारि सित रहि कुइन्या को फौज तहादेखि उठी पहाडको मनमुव राषि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(७) आयो भन्या. गौहेरी काटि हटाउन्या काम गर्नु काजो वषतवारसिंह थापा

(८) तत्रां पुग्या पछि कस्तो पाठ हुन्छ. सो विन्ति गरि पठाउनु, तिष्टं. पालुं निस्का—

(९) न्या रस्तामा. पातलो छ. अमृत पानि को रस्ता गरि पहाड चढ्यो भन्या वित

(१०) वल पर्ला.अरू२पटि अमृत पानि मा पठाया वढिया होला भन्या त्रिस्तार—

(११) को मर्जी अ गा गयेछ. पश्चिम को उत्रो मुलुक् उस्तो पहाड पनि सर ग—

(१२) रि आज्ञा भन्या गर्व गरि. जर्नेल अषतरलोनि क्षाइरहे छन १।२ फेरा

(१३) साफ गरि नकाटी ठांउँ आवैन. योग्य मर्जि आयेछ. ज्याहा गर्न्या चर्चा जारे

(१४) सर्वत्र पहाडका घाँटि गौडा गल्फा संधिसपंनका जग्गा रो— कि. कंपुका—

(१५) पट्टि पट्टि र कपनि गैह्ल जग्गा जग्गामा षटाइ राष्याकै छ. हेंटौडा देषि उठ—

(१६) दा कता कता लाग्छ. सो षवर कसैले ज्याहा चाडो आइ क— हनु. कसैले ल—

(१६) स्कर कहापुग्छ. हेरि ठहऱ्याइ राषनु भनि वुढा पाका पक्का मानिस—

(१८) हरूमा २५।३० जना चिवा छोडि राष्न्याकै छन उस्को लस्क- र भन्या ४ प—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१९) ल्टन गोरा को र ५।६ पल्टन कालाको ३०० सवारी. उपर वाग र वजारा गैह्र

(२०) लस्कर ढेरैं छ भन्या षवर ल्याउछन, तहा देषि पनि वढि प— हाड चढन

(२१) आयो भन्या गधेरावारी काटन्यैं छौ, कागिज चामु भडारी लाइ चिसापा—

(२२) नि गढीमा वस भन्या र भारा को ताकिती को हुकुम, हजुर— मा रह्याका—

(२३) भारादार. भारादार का छोरा गैह्र सहरमा रह्या का ढाक्या हरू समेत

(२४) सवै लाई. भैस्याषानि चिसापानि ढिङगनतिर जग्गा जग्गामा जा—

(२५) नुभन्या मर्जि वहुतै वढिया भएछ. तिप्टुं पालुं तरफ छिचोलन्या मुल

(२६) रस्ता. अषै भँज्याङ र अमृत पानी इ दुइ जग्गा घाटि छ भन्या र. अमृत

(२७) पानिमा भन्या. ताह वाट आयाका २ पट्टि वस्याका छन- अषै भँज्याङ—

(२८) मा यता वोट सुवेदार सँग्राम जितवहादुर साहि र कँपुका २ पट्टि लाई

(२९) पढाया को छ. फेरि पनि २ पट्टि पठाउन भन्या मर्जी भया थपि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पठाउला

(३०) जर्नैल अषतरलोनि छेउ. चिठि पुर्‍याउनु अनि हल्कारा आठ पहर राष्या

(३१) कों छ हल्कारो आइ पुग्या पछि. जो पाठ आठ आठवा चिठि पनि पठाउला. कि—

(३२) माधकम् विज्ञचरणेषु. इति सम्वत् १८७२ साल मिति फाल्गुन—वदि १० रोज ५ मुकाम मकवानपूर गढि शुभम्.

इत सेवक प्राणसाह वषतवारसिंह थापा रणविरसिंह थापा दलभंजन पाडेको कोटि कोटि कुर्नेस वन्दगि सलाम ३ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १८७२ फाल्गुनशुदि ६ को
उजीरसिंह थापाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४१	लम्बाई १४ अङ्गुल (१ $\frac{1}{4}$ इञ्च)	२५६
	चौडाई १०.८ अङ्गुल (७$\frac{3}{4}$ ईञ्च)	

उजीरसिंह थापाले चलिचलाउँ दोभानबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई लेखेको पत्र । यसमा हरिहरपुरका भारादारले पठाएको पत्रको नक्कल पठाएको कुरो र अँग्रेजले हमला गरेको खण्डमा आड वलियो पार्नु भन्ने कुरा छ ।

(१) स्वस्ति श्री सर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ठराजाभारासामर्थ श्रीश्री

(२) श्रीश्रीश्रीश्री जर्णेल वावाज्यू भीमसेनथापाका चरणतल तथाश्रीश्रीश्रीकाजि

(३) वावा रणध्वज थापाकैषु. ईत श्रीउजिरसिंह थापाकस्य सेवा. पूर्वकपत्रभि आंसि—

(४) वंदिले ञाहा कुसल छ. ताहा चरणारविन्द सर्वदा कुसल भया हाम्रो प्रतिपाल उ--

(५) द्धार होला. फाल्गुण सुदि ५ रोज २ मा लेषियाको कृपापत्र. ये सुदि ८ रोज ५ कारा-

(६) त्रिमा दोभान आईपुग्यो विस्तार वुझि सिर चह्लाञा. आगे ञाहाको समाचार भ—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(७) लो छ. उप्रान्त मकवानपूर तरफको षवर अस्ति पठायाका मोहोर चिठि पुगि सो

(८) वमोजीम गरिहोस्. हरीहरपूर. रहन्या भारादारले लेष्याका अर्जि को नक्कल

(९) उनारि पठायाको छ. हेरि वुझलास. लोटन्. नच्रवल्. तरफ रह्याको कुईऱ्या

(१०) पनि हल्ला गर्न आउला षवर्दारिसित रहनु भनि पाल्पा रहन्या लाई अह्राई

(११) आउनु भनि आज्ञा आयाका अर्थकन. अधि वक्सि पठायाका मोहर चिठि वमो–

(१२) जीमको काम गरि. प्रतिउत्तर अर्जि चिठि चह्राई पठायाको हो जाहर भयो हो हरि--

(१३) हरपूरतिर रहन्या भारादारले. चह्राई पठायाका अर्जिको नक्कल वक्सि पठाया ग–

(१४) येछ हेरि वुझ्यॉं. गौडामा गयाका भारादार पनि पाक। पाकै छन्. षामीद को पुराय

(१५) प्रताप छ. आयाका म्लेछलाई काटि हटाउन सक्न्यै छन्. हामि पनि हुकुम र. आ–

(१६) ज्ञाको सायेत गरि हिड्नु आजका ८।९ दिनमा. चरणको दर्सन गर्न आई पुगौ--

(१७) ला. यस्तरुका अर्थलाई र. कप्तान प्रसादसिंह वस्न्यात र ढाऱ्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१८) सर्दार सुवेदारहेरूलाई. जगाजगावाट षंषवर जा जो आउँछ हरि-
धरि लंषतै रह–

(१९) नु नच्रवल. लोटन. गोरषपूर. गैह्र जगावाट हंगमा गर्न आयो
भन्या. पाहा–

(२०) डको आड गरी संधीसर्पनुका जगामा वलियो आड्पयाड गरि.
षवर्दार सित

(२१) रहनु भनि. हुकूम र. आज्ञा वमोजीम अह्रायाको छ. त्राहा वक्सी
पठायाको

(२२) अर्जिका नक्कल पनि नुवाकोट कप्तानहेरु थै पठाई दिन्या
पाका पाकै मानि

(२३) स्. छन्. त्राहाको संभार रहन्यै छ. विज्ञेषु किमधिकं ईति सम्वत्
१८७२ साल मी

(२४) ति फाल्गुण सुदि ९ रोज ६ चलिचलाउ दोभान शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परिशिष्ट

सम्वत् नभएका नेपाल र अंग्रेजको लडाई सम्वन्धी पत्रहरू

वि. सं. .... भाद्रशुदि ५ को
हस्तदल शाहीको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४२	लम्बाई १५.४ अङ्गुल (११$\frac{1}{5}$ इञ्च)	२०
	चौडाई ११.४ अङ्गुल (८$\frac{1}{5}$ इञ्च)	

हस्तदल शाहीले डोटीबाट पालपामा अमरसिंह थापालाई लेखेको पत्र । यसमा मुहुडाको खवर वूढाकाजी अमरसिंहले श्रीमोहोडमा कीवलसपन् भन्ने ठाउंमा किल्ला वनाएको कुरा छ । पत्रको शिर तथा किनारा काटिएका छन् । संवत् लेखिएको छैन ।

(१) स्वस्तिश्री सर्वोपमायोग्येत्यादिराजभारासामर्थ श्रीश्रीश्री काजि अम्वसिंह थापाको

(२) स्वस्तिश्री गिरीराजेत्यादि श्रीहस्तदलसाहकस्य यथाज्योग्य. सलाम पूर्वक पत्र—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(३) मिदम्. आंहा कुशल ताहाँ कुशल चाहीये आगे आहांको समाचार भलो छ.

(४) उप्रान्त २ सालको दोणाको जमावंधि र कालावजको रुक्का. डोटिका जाचको

(५) तिरिज उतारी हुलाकमा हालि अघि पठायाको हो. भाईवाट ताहाँ पुगी वि —

(६) स्तार वुझयाहौं वाकि दोणावाट मैंले मुहडामा षवर वुझ्न पठाया-को मानिस

(७) आई पुग्यो. वेसहरका र श्रीमोहोडका दोसाधमा वुढाकाजी पुगि वेसहर

(८) कीवलसयेन् भन्याको जगा अम्वल् भयेछ. आजकाल तेसै जगामा वसि

(९) काजिले किल्ला वनाउन लागि रह्या छ. वेसहरको राजा पनि पुराना वेथाले

(१०) षमे छ. पश्चिमतिरका हालका हरुमाले दसैसम्म हामिलाई पाउ-न्या छैन.

(११) डोटि कुह्माउको वन्दोवस्त पनि केही गर्न पर्न्याछ भनि कम्पनि दुनमा राषि म

(१२) येता आयाको हौं ताहाँवाट दुनमा वस्नु भन्न्या मोहोर आयेछ. डोटि कुह्मा –

(१३) जमा गर्ने पर्न्या श्रेस्ताको आफुले वुझयाका कुरा येस्तो भनि लेषि पठाया —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१४) कौ छ. ताहाँवाट अर्ति सिद्या र हुकुम् जो आवला सोहि माफिककों का –

(१५) म गरि दसै पछि दोशामा जान्या काम गरुंला. ३ रूका लेषि तम्रा चिठी भित्र

(१६) हालि पठायाको छ. मोहर गराई पठाई दिया वढिया होला. सर्दार जगदे —

(१७) व भडारिका हात १ रुमाल काजि छेउ पुऱ्याई दिनु भनि पठायाको हो. मुष्य पु —

(१८) ग्यो हो नपुग्याको भया सर्दार छेउ षोजि काजि छेउ पुग्न्या गरि पठाई दिया व —

(१९) ढिया होला मुहुडाका हाल हकिगत्का अर्थ भंडीका गजाका त्रिजिनि —

(२०) सले र सिवदत्त राईका विजिनिस्ले वुझौला. हामिले नजान्याका ठाउ —

(२१) मा अर्नि सिद्या पठाउदै रह्या षामिदको पनि विग्रिवैन हामि पनि स --

(२२) यौंर हौंला मुलुकको काम काज छ आफुले आटो हामि केहि काम पनि

(२३) गर्न्या छौंन. ताहाँ साधा पठायामा प्रतिउत्तर अर्ति सिद्या चाडो पठाउ —

(२४) दै रह्या सोही माफिक्को काम् गरौंला. मिति भाद्रशुदि ५ रोज ७ मुकाम

—:*:—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. ...... आश्विनवदि ३ को
सरोवरसिंह रानाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४३	लम्बाई१५.३ अङ्गुल(१३ इञ्च) चौडाई ८.७ अङ्गुल (६½इञ्च)	१९५

सरोवरसिं रानाले चैनपुरबाट काजी भीमसेन थापालाई लेखेको पत्र । यसमा सीमाना सम्बन्धी कुरा छ । पत्रमा सालको उल्लेख छैन ।

श्री दुर्गा

श्री ५ षानिद

(१) स्वतिश्री सर्वोपमायोग्यत्यादि सकलगुणागरिष्ठ रा—

(२) जभारामर्थ श्रीश्रीश्री काजी दाज्यू भिमसेन थापाकेषु

(३) ईत श्री सरोवरसिं रानाको शेवा सतम् पूर्वक पत्र मि—

(४) दम्. ईतनिक ताँहा तपाञी कुशल भया हमारो स—

(५) व वातको संभार होला आगे ञाँहाको समाचार भ—

(६) लोछ. उप्रांत मध्येसका शिवानामा गनि फिलगो

(७) सित कुरा मिल्याको छैन. चमक् पर्ला भन्या जस्तो

(८) कुरा सर्दार गर्जमि षत लेषतछन्. मध्येसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(९) षड्बड पऱ्यो भन्या पूर्व पट्टिमा हंगामा ठूलो

(१०) हुन्याछ गांट्टक्या अैले पनि हंगामा गर्ला भन्या ज–

(११) स्तो चिठि सुब्येदार जयंत षत् लेषत छन् । हामि

(१२) ले पनि उपल्ली बाटो चिवा पठाइ राष्यॉं छौं. जों

(१३) निस्तक मध्ये . पूर्वको आवला सो विति गरि प–

(१४) ठाउँला हामि र तपॉञोले दिय को षान्या अह्रा

(१५) या बमोजिम गर्न्या चैनपुरको जागोरमां भाई–

(१६) मिली षांदा कुमाउको कर्जा पनि तिर्न सकिन्या

(१७ अयेन भाई मिली भन्या जागीरमा क होला ये–

(१८) स तरफका संभारलाई जानत् भर...... को स–

(१९) प्रन्या र तपाञोलाई ज्यान् हुन्या काम गर्न्या छौ वि

(२०) ञेषु किम् धिकमिकमिति आश्विण वदि ३ रोज ७

(२१) माक म चैनपुर शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं.... कार्तिक सुदि १ को
वलभद्र कवरहरूको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४४	लम्बाई २१३ अंङ्गुल [१६ इञ्च]	१३५
	चौडाई १०.७ अंङ्गुल [८ इञ्च]	

वलभद्र कुवर रिपुमर्दन थापा, चन्द्रबीर थापा, नाथुमारी, चामुवस्न्यात, गजसिंह थापा दलजीत कुंवर दयाराम खडकालन नालापानीबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई लेखेको पत्र। यसमा नाला पानीको लडाइका कुरा छन।

श्री दुर्गासहाय १

श्री इश्वरी १

श्री ५ महाराजा २

(१) स्वस्तिश्री सर्वौपमा योग्यत्यादिसकलगुणागरिष्ठराज्यभारोद्धरण सामर्थ श्रीश्री–

(२) श्रीजर्नेल भीमसेन थापा श्री ३ काजी रणधोज थापाकषु दत श्रीवलभद्र कवर

(३) श्रीरिपुमर्दन थापा श्रीचन्द्रवीर थापा श्रीनाथुमारी श्रीचामु वस्न्यात श्रीगजसि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(५) थापा श्रीदलजीत कवर श्रीदयाराम खडकाको सेवामः आसिष
पाउलागु सला —

(५) म इतनिक तहा कुमल मंगल भया हमारो प्रतिपाल उद्धार होला.
आगे ञहा —

(६) को समचार भलोछ. उप्रान्त कुइन्यासंग २ लडाइ भयाको र ज-
र्नेल प्रभृत्ति ८ सा —

(७) हेव प्ऱ्याका कार्तिकवदि ३० का दिन किल्लाका उत्तर पट्टिको
र सुदी २ का दिन

(८) किल्लाका दच्छिन पट्टि नालापानी कायने रानेराको वाटों वताउ
लस्कर वेलद —

(९) र समेत ली आयाको जङ्गलवाट हान्न पठाउदा ८।१० जना षेत
रह्याको १०।१२

(१०) जना घाइता भें घर्कि डेरामा गयाको विस्तार अघि लेख्याका
चिठिले मालुम भयो

(११) हो मर्न्या जर्नेलकि वहिनी दाज्युका र लोगनेका विरहले आइ
पुग्यो. आज भो —

(१२) लि घोडाको असवारी गरि ५।४ साहेव साथमा लि तोप काट-
न्यासवाट दुर्वीन

(१३) कील्लाका वरिपरी हेर्छें २४।१८ पनिको तोप आइपुग्या पछि
टाढैवाट

(१४) रातदिन गरी ७ दिन सम्म तोपका सलक लाउला आठौ दि-
नमा हेला गर्न जाउंला —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१५) भन्या मनसुवा गर्छ भन्या सोहरा ल्याउछन् लस्कर दिनको दिन थपिदैछ

(१६) काजि जसपाउ थापालाई पठायाको छ. पुगनन भनि नाहानवाट काजीको

(१७) चिठि आयाको छ. कार्तिकवदि १२ का दिन वुधवार काजि रवन्त कवरलाई प –

(१८) ठाइ दिन्यु भन्या चौंतर्‍याको चिठि र १०।१५ दिनमा आइ पुगुला भनि काजि

(१९) रेवन्त कवरका चिठा आइरहेछ २ काजि आइपुग्या१ पछि सलाह वाधि ··· ···

(२०) ल्लाको हुस्यारी राख ··· ··· १ ··· ··· को कृपाले र ··· २ ··· का पुण्य प्रतापले आफुहरका

(२१) जसले वैरीहरूलाइ काटि हटाउन्या काम गरुला काजि जसपाउ थापा तहां पठा —

(२२) याका छन् किलावाट नवैढाइ हान्या काम गरी किल्लाको संभार राषनु

(२३) कालसीमा १ पलटन आयाको छ. येसलाई हान्या सायेत हेर्‍याको छ. हा –

(२४) न्या काम गरी पठाउछौ भन्या चिठि नाहानवाट काजिले पठायाको हो

(२५) ७ सै नाल लस्कर ल्याइ काजिले कालसि रहयाको पलटन हान्या ७।८ सै वैरि –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२६) का षेत गर्‍ह्या भन्या षवर वैरीका लस्करवाट आइरहंछ. स्याम-
सौटा

(२७) पलटन वैरीका गुहारलाई रातो रात गयौ. कलमिषवर आयाको
छैन हो हो —

(२८) इन् भनि निस्तुक वुझन हल्कारा पठायाका छन. निस्तुक षवर
जो आउ –

(२९) ला पछि विन्ति गरि पठाउलां. छेम कुसल अति सिद्या कृपापत्र
औंदै —

(३०) गर्‍ह्या वढिया होला विज्ञेषु किमधिक मिति कार्तिकसुदि ६ रौज
५ मुकाम नालापानी किल्ला शुभम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. .... पौषवदि १० को
उजीरसिंह थापाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४४	लम्बाई २०,७ अङ्गुल (१५३/३ इञ्च) चौडाई १४ अङ्गुल (१०३/४ इञ्च)	१७०

उजीरसिंह थापाले पालपा श्रीनगरबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई लेखेको पत्र । यसमा अँग्रेजसंग पर्पन्न जोरी सीमाना छुटयाउने बारेको कुरा छ ।

श्री दुर्गासहाय

श्री ५ महाराज ।	श्रीकौशिका	श्रीगंगको
१	२	३

(१) स्वाति श्रीसर्वोपमायोग्य सकलगुणगरिष्टराजभापेद्धारण सामर्थ श्री श्री श्री श्री श्री श्रीजनरल वावाज्यूका चरण –

(२) तल तथा श्री ३ काजि वावा रणध्वज थापाकेषु. इत श्रीउजीरसि ह थापा कस्य. साष्टांग दंडवत्सेवा सहस्रम् पूर्वकपत्र --

(३) मिद आशीर्वादले आहा कुसल छौं ताहां चरण कुसल मंगल रह्या हाम्रो उद्धार प्रतिपाल होला. आगे आहाँको स –

(४) माचार भला छ. पौषवदि ५ रोज २ का दिन लेषियाको कृपापत्र येहि वदि. रोज ६ का दिन आइपुग्यो. अर्थ शीर च –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(५) ह्रात्रा. उप्रांत ··· १ ··· गादिमा राज गर्नु भयाको विस्तार समेत् उत्तर कुरा जो लेषि गयाको चिठि पुगि वुझि हो—

(६) स. भनि लेषनु भयाका अथ. सो चिठि हिजो आइपुग्यो थ्यो. प्रतिउत्तर लेषि. हुलाक खाना गरि चह्राइ पठाया—

(७) को हो दाषिल भयो हो वाकि. दर्शन गर्ना निमित्त गारन् स— मेत् पांच्‌जना फिरंगि. हिजो आयाथ्या तऱ्यानीको —

(८) कागज दियो. तस्कों नक्कल हिंदुवी उतारि पठायाको छ. विस्तार वुझलास् भनि लेषनु भयाका अर्थ. पठाइ —

(९) दिनु भयाको नक्कल आइपुग्यो. विस्तारसित हेऱ्यां झगरा नहुँदैका सिवाना मध्ये तेह्रौत वेतिया. गोरषपूर —

(१०) का सिवानाको तक्रारि जितिं वाहिक्. कंपनीको अमल् भया पछि. हक् उठ्याको जमीन वाहिक ··· २ देषी ··· ३

(११) सम्म ··· ३ ··· देषि रापदीसम्मको तराइ सवै भंन्या कुरा र. ६९ सालमा रफा भयाको जो छ. सो कायम् रहला भं —

(१२) न्या कुरा समेत. दुइतरफका अमीनले. दुवै सर्कारको नविग्रन्या गरि. सिवाना गर्नु एक जिमीदारको जिमि २

(१३) तिर पर्न गयो भन्या मिल्दो जगा सट्टा दि. सिवाना देषि उ— त्तरको जिमि ··· १ ··· तिर दक्षिणको जिमि. कपनी ति—

(१४) र पारि रफा गरि. निहानाको निसाना वाँधनु. भनि लेष्याका रहेछ. सिवानाको निसाना वाँधनु भनि लेष्याको —

(१५) देपता. तक्रार वढाउन्या. सिवानै पक्का गऱ्या डवल देषिछ. तेसमा अमीन वढिया पर्न गया. मिल्दै पाठहो—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१६) ला. तकार उठैंन. अमीन. पारस् वराट जस्तो घटिया पर्न गयो भन्या. उसले आहां विनायकपूर. छतिवनको रुष –

(१७) हाम्रो हो भंन्या तकार ६६ सालमा उठायो थ्यो गरे. आज तेति वंदोवस्त भयाअछि छतिवनको रुष भन्नता पसै –

(१८) न. विनायकपूर गाउँ समायो भन्या पनि. वुटवलको मधेसढेर जान्यां थोरै रह्या छ. आहाँ एस्तै छ अरुज –

(१९) गाको विस्तार चरणमा जाहेर होला. कम्पनीको अमल् भया पछि. हक् उठ्याको वहिक् भनि लेष्याको. कौन् –

(२०) जगालाइ हो सो पनि वुझियेन ... २ ... देषि पूर्व र रापदि देषि पश्चिमका तराइको कुरा. येस्मा केहि लेष्याको रहें –

(२१) नछ र.सो पनि वुझियेन' त्यो गौं हेर्न्या जात् छ उसले पक्कं गरि. सिवानाको निसाना वाँधन आँख्यापछि –

(२२) तेस्तो मिल्दो पाठ भयाका वेलामा. आफु सानु भें उस्का अमीन्लाई. मिठास् पाठले ठुलो तुल्याइ. उस्का पेट पसि

(२३) आफ्नु सिवाना सपार्न सक्न्या डषल्का मानिस् अमीन षटाउनं भैं. सिवाना चाँडैं रफा हुन्याकाम् भया वढिया हुंदो –

(२४) हो भन्या भैं चित्तमा लाग्छ वषत् अन्सार. मनुष्यले गरि गुग न्या सम्म ढुंगाको वन्या सप्रन्या काम् गर्नैं हुन्या छ. विज्ञ

(२५) चरणेषु किमधिकं मिति पौषवदि १० रोज ७ मुकाम पाल्पा श्रीनगर शुभम्

शुभचिंतक गणपति उपाध्याकस्य वेदोक्त शुभाशीर्वाद शतम शुभम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. फाल्गुनशुदि १४ को
रिपुमर्दन थापाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४६	लम्वाई ३२ अङ्गुल (२ फुट) चौडाइ १०.७ अङ्गुल (८ इञ्च)	२२५

रिपुमर्दन थापाले बैतडीबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई लेखेको पत्र । यसमा झुलाघाटको पारी अंग्रेजको चौकी छ । त्याहाँ उसले आड बनायो, वारी हाम्रो चौकी छ, हामीले पनि आड वनायौं, आउन जान बाटो वन्ध छ भन्ने खवरको कुरा छ

श्री दुर्गासहाय

श्रीचौतारिया

(१) स्वस्तिश्री सर्वोपमाजोग्येत्यादिसकलगुनगरिष्टराजभारा उधारन –
(२) सामर्थ श्री श्रीश्रीजरनैल भीमसेन थापा श्रीश्रीश्रीकाजि रणध्वो —
(३) ज थापा महासयषु ईत श्रीरिपुमर्दन थापाको आसिष पूर्वक प –
(४) त्रमिदंम् . आहा कुसल ताँहाँ चरन कवल कुसल मंगल भया. हा–
(५) मारो उधार प्रतिपाल होला. आगे आहाको समाचार भलो छ. उ—
(६) प्रान्त येस तरफका षैषवरका अर्थ विस्तार १ का चिठिवाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(७) मालुम हुदो हा भुलाघाटका साँधुमा पारि कुईन्याका चौकि छन् वा –

(८) रि हाम्रा चौकि छन्. पारि उस्ले आड पयाड वनायो. वारि हा– मिले आ —

(९) डपयाड वनाञ्यु. अघी जान आउन उस्तो वन्द गऱ्याको थीये –

(१०) न आजकाल कसैलाई जानु आउनु दिदैंन वन्दगऱ्यो. क्या का–

(११) रनले वन्द गऱ्यो. अलमोडासम्म पुगि षवर वुझि ल्या भनि चि–

(१२) ना पठाञा थोउ अलमोडा पुगि आया. ईन्ले ल्यायाको षवर हवा–

(१३) लवाघमा. पाहाडि र देसि गरि १५ सहैं फोज छ सानु गार हवेलि

(१४) वनाउन लागी रहेंछ. अलमोडामा जर्नेल १ कर्नेल १ कपता –

(१५) न ४ र २ पल्टन् देसि गोरा काला गरि ३ हजार गगौंलिमा

(१६) २ कुम्पनि सोरमा मेजर परेवा साहेव २ पलटन. केहि पाहाडि --

(१७) गरि ३ हजारको अन्दाजा फौज रहेंछ. गोदाम जाहाँ पनि वटु --

(१८) लदो रहेछ, गोदाम षर्ष गना देसवाट पनि ढेर ल्यायेछ

(१९) ल्याउदैछ. कालिकुमाउमा हामि पुगिउन फौज भन्या भारि –

(२०) छ. भथ्या. भन्या षत्रर ल्याया हालको षवर भन्या. केवाले ग्रे--

(२१) स्तै ल्याया. अवप्रान्त जो षत्रर पाउला सो विन्त गरि पठाउला

(२२) पौषवदि ४ रोज ४ मा लेषनु भयाको २ भाईका नाउमा कृ–

(२३) पापत्र आयथ्यो. दैवगात परि भाईको पर्लोग हुदा. घर षवर--

(२४) नपुगि तपाईहेरू लाई चीठि कसोरि लेषौं भनि चिठि न लेष्याकों

(२५) हो छेमा राषनु होला. आफुलाई लाग्याका गौडामा सवंवा -

(२६) तको षवरदारि राषि रहनु भनि लेषनु भयाका अथ. आ –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२७) फुहेरूका सिदया वमोजीम आफना जानत् भर. भरिसक –
(२८) के गऱ्याकै छ. गरिन्यै छ ७२ सालको वालि २५ सौ भन्या –
(२९) का जाहाँ पाञ्युन नागऱ्याया ११ सौ वकस्याको कविला
(३०) पालन भनि वकस्याको हो त्यो ११ सौ सधाइ २ भाईका क
(३१) विला वालि वकस्या बढिया होला अरिदमन कुम्पनिका
(३२) षेत वग्याको वालि र षेनमा कुत वढाई लाउन्या मोहो–
(३३) र गराई भीर्कोटना वकसि पठावनु भया षेतमा कुत व--
(३४) ठि. तिलंगा वाच्ता हुन. विउ राषन्या वेला हुन लाग्यो
(३५) वग्याका षेनको वालि पनि सधाइ वकस्या गौडाको कुम्प--
(३६) नि सोमन हुदो हो. मेजरलाइ दर्वार जाउ वग्याका षेत--
(३७) को वालि कुत वढाउन्या मोंहोरको विन्ती गर भनि मे--
(३८) जर अनिरुदु पाध्या लाइ लेष्या थोउ पुग्या हुन. जमादार षाँ
(३९) ग्या गुर अरिदमन कंम्पनिमा हामिसित जाहाँ छन. ई
(४०) नलाइ मोहोर गरि वकस्याको छाप कास्किका . मौजाको
(४१) लामा डांडा छाप रहेछ कविला राष्याका छन कसैले षे--
(४२) ड गर्नान सम्भार राषि वकस्या जाला. आफनु कुसल पत्र–
(४३) हामिलाइ सिद्या वकस्या जाला मिति फाल्गुन सुदि १४ रों–
(४४) ज ३ मोकाम वैतढि शुभम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं.... चैत्रवदि १२ को
उजीरसिंह थापाको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४७	लम्बाई १५.४ अंङ्गुल [११ $\frac{3}{4}$ इञ्च]	१६०
	चौडाई १२७ अंङ्गुल [६ $\frac{1}{2}$ इञ्च]	

उजीरसिंह थापाले पाल्पा श्रीनगरबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाईलेखेको पत्र । यसमा अंग्रेज लाठ दोसाँधसम्म आयो,वुटवलमा त आएन, भेट्न जानुपर्छ कि भन्ने वियको कुरा छ

श्री

(१) स्वस्तिश्रीसर्वोपमायोग्यसकलगुणगरिष्टराजभारोद्धरणसामर्थ श्रीश्रीश्री श्रीश्रीश्री जनरल वावाज्यूका

(२) चरणतल तथा श्री ३ काजी वावा रणध्वज थापाकेषु. ईनश्री उजीरसिंह थापा कस्य साष्टांग दंडवत्सेवा स –

(३) हश्रम पूर्वकपत्रमिद . आसिर्वादले ञाहा कुशल छौं ताहा चरण कुषल मंगल भया मेरो उद्धारप्रति

(४) पालहोला आगे ञाहाको समाचार भलो छ. चैत्रवदि ५ रोज ६ कादिन लेषनु भयाको कृपापत्र येहि व–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(५) दि १० रोज ३ का दिन आइ पुग्यो . अर्थ सिर चह्राञाँ उप्रांत
लाठसाहेव वुटवल आयेन. दोसाधसम्म

(६) आयो . वाहां जादा औलो लागन्या रहेंन छ भन्या तैंले जानु.
औलो लागन्या रहेछ भन्या उस माकिक

(७) को नौंफा चिज गरि कवरकाजोलाइ पठाउनु मिनारका काम्मा न
विरिन्या भया षरीदारलाई झिकाइ

(८) पठाउनु चौंतरियालाई ह्राँसिले लेष्यामा लाठसाहेव कुमाउ आ–
उँछन भनि लेष्याको विर्जानिस्

(९) सर्कारमा चह्लाई पठायाको रहेछ. गारन् भन्या. गोरषपूरै आउ
छ भछ भनि लेषनु भयाका चर्थं

(१०) वुटवलमा र दोसाँधसम्म भन्या औलो येकै पर्छ. तपनि. कै–
येक रुपैया षर्च गरि. कसकत्तैमा. भला

(११) आदमी पठाइ. भेट मुलाकाट् गर्नुगर्न्या आदमी. दोसाँधमा
आउछ भन्या पछि. ताहासम्म भेट्ना

(१२) लाइ आफले जानु पर्ला. दोसाधसम्म आयेन पुढैवाट गोरषपुर
गयो भन्या कवरकाजीहरुला –

(१३) इ पटाउँला. मिष्टर गारनले जगेनारांलाई लेष्याका र. मनि–
राजले. लेष्याको चिठि विजनिस च –

(१४) ह्राइ पठायाको छ विस्तार जाहर होला. येस्ता षवर ले. त–
हकीत हुन्छ हुदैन भंना निमित्त. हामी

(१) भेटन आउन्या छौं भंन्या कुरा भन्या नजनाइ. लाठसाहेवका –
हा आइ पुग्यो. कलम वाधो गरि जान छं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१६) तहंकीत षवर लषि पठायां वढिया होला भंन्या पाठ सित ज्ज मार्टिनलाइ चिठिलेषि पठाउछु उ–

(१७) सवाट जो षवर आवला विंती गरि पठाउँला. षरिदार गणपति पाध्यालाई हुकूम र आज्ञावमो –

(१८) जांम. चिठी लेषि उनलाई आयाको मोहर पठाई दिञाँ. सिवानामा-मिनार वन्दा कत्ति नविरीन्या

(१९) ठहराई राषन्या मानिस राषि आउनं तपनी. वाहि वसन्या पाठ लेषनं तरनि जो लेषन विन्ति गरि

(२०) पठाउँला. हामिले चौतरियालाइ लेष्या षतको नक्कल उतार पठायाको फार्सि आहा नवुझिदा

(२१) अस्ति चह्लाइ पठायाको हा. हजूकुमा चह्लाइ पठायाका विर्जानिस को र नक्कलकों येकै षवर होला

(२२) जगा जगाको निस्तुक षवर वुझि ल्याउनु भनि २।३ जोडि हल्–कारा काछं. जाजो षवर ल्या –

(२३) उन विन्ति गरि पठाउला सित्तार्ति कृपा हुदै रह्या वढिया होला. विज्ञचरणेषु किमधिकमिति

(२४) चैत्रवदि १२ रोज ५ मुकाम पालपा श्रीनगर शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जगत्सेर खतृको पत्र

पत्रसंख्या	नाप	खामसंख्या
४८	लम्बाई १८ अङ्गुल (१८ इञ्च) चौडाई ८.७ अङ्गुल (६३ इञ्च)	२४७

जगत्सेर खत्रीले ठिडफुबाट श्री ५ लाइ लेखेको अर्जिपत्र। यसमा अंग्रेजले जगत्सेरसंग भेटी ल्हासा जान राहदानी मागेको कुराको खवर छ।

श्री.

श्री ५ सर्कार
१
सर्कार
२

अर्जि ....

(१) उप्रांत ष्वामित करुणानिधान् हामिहरु ठिंडफुस हरमा छदै येउटा अंग्रेज.

(२) मुसाफेर. मिष्टर कुपर नाउ गऱ्याको १ आइ मसित भेट् गर्न आयो र त—

(३) पाइ नेपाल … १ … का भारादार ह्लाछौं. म बृटीसर्कारका मानिस छु इदुइ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(४) सर्कारको ठुलो दोस्ती छ. म भन्या. चिनवाट. ल्हासाउत्री ल्हासावाट नेपाल

(५) गै नेपालवाट कलकत्ता जांछु तपाइन्ने रांहादानि गरि दिनु भया म यता

(६) वाट जांछु भनि. निज अग्रेजले भंदा मलाइ भन्या ... १ ... दाट अंग्रेजहरु

(७) ले भेटन आया भन्या भटेस् भन्या मात्र हुनाले भेट्गर्‍या राहा-दानिको कु—

(८) गलाई नीज साहेवलाइ उत्रा दियाको कुत्रा प्रथम चिन्का मुलुक तिमि सा—

(९) हेंवलाइ थाहैं छ. मेरो राहादानि चल्दैन स.हादेषि तार्चिन देउका मुलुक

(१०) छ. लिभाँको मुलुक छ. वाथांको मुलुक छ. अरु टाया जंग-लिहरुका मुलु—

(११) क छन. वाहादेषि ल्हासाका मुलुक छन् इ मुलुकमा मेरो राहादानि चल्दैन—

(१२) न् राहादानि भन्या मवाट गरि दिन सकदैंन सल्लाहका हकला-इ भछौ भ—

(१३) न्या अफूले देषे सुन्याको भंनु पर्छ. तिमिलाइ यस जंगलिहरुका मुलुक

१(१४) वाट जाउ भंन मता सकदैन. इनिहरुले जान दिन्या पनि छैन. ड.का चोरला—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१५) ग्येर १५।२० जना मानिसका डफा पनि हिडन सकदैन. न्यारुंका लडाई

(१६) ले मुलुक पनि विग्री रहेछ भनि मैले जवाफ दिञं नीज साहेवले कीत मेरा

(१७) ज्यू गयो. कित पारलाई छोडें भनि गयां भंन्या समाचार ठिंडफुमा सुन्या

(१८) थ्यां अज वाथांमा आइपुगीं सुन्दा हामि गोर्षाली हूं. भनि गोर्षाली पो —

(१९) साकसाड वाथासंम आइपुगी. वाथमा १५ दिन वस्या।छन् वाथा मह —

(२०) रका मानिसहरुल ईत अग्रं जहो भनि चिह्या छन् र गोर्षालि हो भन्या गो —

(२१) र्षाका मनद होला देषाउ भनि पक्रे छन. येही षवर भोट ... २ ... का दो —

(२२) साधमा वस्न्या मगामथेचेले थाहा पाया छन् र ३५० सिपाही पठाइ

(२३) भोट्का सेवाना कुलचन नदि छेकेछन् र निज साहेवलाई ल्हासाको वा —

(२४) टो गरि जान नदिदा पछि न्याहित्मा अन्यत्रको वाटो गरि व्रह्माका मु—

(२५) लुक उत्री कलकत्ता जान्छु भनि तालीकु महरको वाटो गरि गयो.' भन्या वा —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२६) थां वस्न्या फांसिसका साहेवले भन्याको कुरो. अरु कुरा भोटक।

मेदा—

(२७) नामा पुगि तहकित्का कुरा बुझि पछिका अर्जिमा लेषि चह्राइ

पठाउ—

(२८) न्या काम गरुँला हरफमा उर्चानिच पऱ्याको सेवक माथी चेम।

राषो

(२९) त्रक्स्या जात्रस

सदा सेवक काजि जगत्सेर षत्रु चत्रु को

कोट २ दडवत् कुर्नेस्

समाप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu